# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ४, अङ्क ४४, पूर्णाङ्क १९०    २०७६ वैशाख १८ गते बुधबार    Wednesday, 1 May 2019    www.eratokhabar.com    मूल्य रु. १०


## सबैको भरोसा विप्लवमा छ : मोतीमाया पौडेल



**पोखरा** : नेपाल कम्युनिस्ट पार्टी कास्कीले वैशाख १३ गते महान् जनयुद्धमा तत्कालीन शाही नेपाली सेनाद्धारा बेपत्ता पारिएका नेकपा (माओवादी) को भ्रातृ सङ्गठन अखिल क्रान्तिकारीका केन्द्रीय महासचिव पूर्ण पौडेलको स्मृति कार्यक्रम सम्पन्न गरेको छ । राज्यविरुद्ध बन्दुक उठाएको तत्कालीन नेकपा (माओवादी) को भ्रातृ सङ्गठन अखिल (क्रान्तिकारी) का केन्द्रीय

बाँकी पृष्ठ ७ मा

# देशैभर मजदुर दिवस मनाइँदै

# क्रान्तिकारी मजदुरहरू एकै ठाउँमा

■ **रातो खबर संवाददाता**/काठमाडौं

आज मङ्गलबार वैशाख १८ गते अर्थात् मे १, अन्तर्राष्ट्रिय मजदुर दिवस नेपालमा मात्र होइन विश्वभरि मनाइँदैछ । पहिला विश्वका सर्वहारावर्गीय पार्टी र सङ्गठनहरूले मात्र अन्तर ष्ट्रिय श्रमिक दिवसका रूपमा मनाउने गर्दथे । अहिले आएर पुँजीवादी देश र सङ्गठनहरूले पनि यसलाई उत्सवका रूपमा मनाउने गरेका छन् । त्यसैअनुरूप नेपालमा पनि सरकारी तहबाटै यस दिन सार्वजनिक बिदा दिने गरिएको छ । यही क्रममा नेपालका क्रान्तिकारी मजदुर सङ्गठनहरूले संयुक्त रूपमा काठमाडौँमा विभिन्न कार्यक्रम गरेर दिवस मनाउँदैछन् । वर्तमान केपी शर्माको सरकारले विप्लवले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी र उसका भ्रातृ सङ्गठनहरूमाथि प्रतिबन्ध लगाएको भए पनि अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घ, नेकपा (माओवादी केन्द्र) निकट अखिल



नेपाल टेड युनियन महासङ्घ (रिफेन), नेकपा (संयुक्त) निकट अखिल नेपाल ट्रेड युनियन फेडेरेसन र सीपी मैनालीले नेतृत्व गरेको नेकपा (माले) निकट प्रगतिशील नेपाल स्वतन्त्र ट्रेड युनियन महासङ्घ (पिकोट) मा आबद्ध मजदुर सङ्गठनहरूले संयुक्त कार्यक्रम आयोजना गरी मजदुर दिवस मनाउँदैछन् ।

मार्क्स र एङ्गेल्सले कम्युनिस्ट घोषणापत्र लेख्नुभन्दा पहिला विश्व मजदुर आन्दोलन दिशाविहीनजस्तै थियो । यसका माग र नारा नै स्पष्ट थिएनन् । वास्तवमा कम्युनिस्ट घोषणापत्र नै मजदुर हरूका मागहरूलाई व्यवस्थित गर्नका लागि भनेर लेख्न लगाइएको थियो । मार्क्स र एङ्गेल्सले मजदुर वा कामदारहरूको माग राज्यसत्तासँग जोडिएकाले जबसम्म वैज्ञानिक समाजवाद हुँदै साम्यवाद लागू हुँदैन तबसम्म विश्वका कामदारहरूले मुक्ति पाउँदैनन् भन्दै मजदुर मुक्तिलाई सत्ता संरचनासँग जोड्नुभएको थियो । त्यसैले उहाँहरूले नै मजदुर हरूका मागहरूलाई कम्युनिस्ट लिगको १८६४ को पहिलो बैठकले ८ घन्टा काम, ८ घन्टा आराम र ८ घन्टा मनोरञ्जन, महिला कामदारहरूलाई पनि समान ज्याला, कामअनुसारको ज्यालाजस्ता मागहरू ठोस गर्नुभएको थियो । मार्क्स र

बाँकी पृष्ठ ७ मा

## विप्लव मात्र यो देशका वैकल्पिक शक्ति हुन् : प्राध्यापक खरेल

प्राध्यापक तथा राजनीतिक विश्लेषक पी खरेलले देश ००७ सालपछि निकै सङ्कटपूर्ण अवस्थामा रहेको भन्दै देशलाई अब नयाँ नेतृत्व दिने शक्ति विप्लव मात्र खडा भएको बताएका छन् । देशमा संसदीय शक्तिहरू पूर्णतः असफल भइसकेको र यसअघिको राजावादी शक्ति तितरबितर भइरहेको बेला विप्लव नेकपा मात्र अहिले बलियो शक्तिका रूपमा देखापरेको प्राध्यापक खरेलको भनाइ छ । जनपाटी अनलाइन टीभीसँगको लामो कुराकानीमा प्राध्यापक खरेलले देशमा अहिले संसदीय शक्तिहरू जनमतको बलबाट सत्तामा पुगेर भ्रष्टतन्त्रलाई प्रोत्साहन दिइरहेको बेला विप्लव नेकपा एउटा वैकल्पिक शक्तिका रूपमा देखापरेको बताए । सत्तामा रहेको सरकारी नेकपाका नेताहरूले अहिले विदेशी शक्तिकेन्द्रको निर्देशनमा देशलाई डरलाग्दो खाडलतिर लगिरहेको बेला मुलुकलाई बचाउने जिम्मा विप्लव नेकपासहित राष्ट्रवादी शक्तिको काँधमा आएको उनले बताए ।

राष्ट्रवादी र देशभक्त शक्तिहरूलाई नेतृत्व गर्ने अहिले विप्लव नेकपा मात्र भएको भन्दै प्राध्यापक खरेलले मुलुकको विषम स्थितिमा विप्लव नेकपा र राष्ट्रवादी शक्तिहरू मिलेर जानुपर्ने बताए । प्राध्यापक तथा विश्लेषक खरेलले यही ०७६ सालभित्र ठूलो राजनीतिक उथलपुथल हुने विश्लेषणसमेत गरे ।

## दुई राजबन्दीको स्वास्थ्य अवस्था गम्भीर





■ **रातो खबर संवाददाता**/काठमाडौं

राजद्रोहको मुद्दामा बन्दी बनाइएका नेपाल कम्युनिस्ट पार्टीका दुई नेताको स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको छ । राजद्रोह र बम विस्फोटको मुद्दामा चैत ९ गते काभ्रेबाट पक्राउ परी वैशाख १० गते अदालतको आदेशमा पुर्पक्षका लागि ललितपुर स्थित नख्खु जेल चलान गरिएका नेकपाका स्थायी समिति सदस्य हेमन्तप्रकाश ओली 'सुदर्शन' र प्रहरी हिरासतमा बन्दी बनाइएका नेपाल कम्युनिस्ट पार्टीका नेता मोहनबहादुर कार्की 'जीवन्त' को स्वास्थ्य अवस्था गम्भीर बन्दै गएको हो ।

नेकपाको मध्यकेन्द्रीय कमान्ड इन्चार्ज र उक्त पार्टीको केन्द्रीय पार्टी स्कुलिङ विभागका इन्चार्ज रहेका नेता सुदर्शन विगत १२ वर्षदेखि उच्च रक्तचाप र ७ वर्षदेखि मधुमेहका बिरामी छन् । पारिवारिक स्रोतका अनुसार सुदर्शन पछिल्लो समय कोलेस्ट्रोल, युरिक एसिड, प्रोस्ट्रेट र खाना

... बाँकी पृष्ठ ७ मा

## विप्लव यो देशका जिम्मेवार नेता हुन्, उनलाई प्रचण्डहरूजस्तो नाचेर हिंड्ने फुर्सद छैन : रेखा थापा




**काठमाडौँ** : चर्चित नायिका रेखा थापाले नेत्रविक्रम चन्द 'विप्लव' यो देशका सबैभन्दा जिम्मेवार नेता भएको बताएकी छिन् । विप्लवलाई संसदीय दलका नेताहरूलाईजस्तै नाचगान र रमाइलो गर्ने फुर्सद नभएकाले उनी देश बनाउने अभियानमा लागेको जिम्मेवार नेताका रूपमा रहेको रेखाले बताएकी छिन् । मनोज गजुरेलको एक कार्यक्रममा रेखा थापाले देशमा देखापरिरहेको सारा बेथितिलाई अन्त्य गर्न विप्लव गम्भीरताका साथ अगाडि बढिरहेको नेताका रूपमा लिएकी छिन् । देशमा क्रान्तिकारी रूपान्तरणका सारा कार्यक्रमलाई प्रचण्डले छोडेपछि अहिले विप्लव ती सबै कार्यक्रम लिएर अघि बढेको रेखा थापाको भनाइ छ । जनताका क्रान्तिका सपना देखाएर सत्तामा पुगेपछि प्रचण्डहरूले आफ्ना छोरीबुहारीलाई मात्र ठाउँमा पुर्‍याएको तर लाखौं छोरीचेलीहरूका बारेमा नसोचेको उनको भनाइ छ ।

## सार्वजनिक सम्पत्ति तुरुन्त फिर्ता गर्न युवा सङ्गठनको माग

■ **रातो खबर संवाददाता**/काठमाडौं

युवा सङ्गठन नेपालले वर्तमान वामपन्थी नामको सरकारका भित्री काला कर्तुतहरू दिनप्रतिदिन उदाङ्गिँदै गरेको जनाएको छ ।

नेकपा निकट युवा सङ्गठन नेपालले वैशाख १३ गते प्रेसविज्ञप्ति जारी गर्दै नेपाल दक्षिणएसिया र विश्वको पहिलो भ्रष्टाचारी मुलुकको सूचीमा पर्न थालेको जनाएको छ । सङ्गठनका केन्द्रीय अध्यक्ष पाटन जङ्गलीले जारी गरेको विज्ञप्तिमा वर्तमान सरकारलाई केपी-प्रचण्डको कथित वामपन्थी सरकारको संज्ञा दिइएको छ ।

एनसेलमा भएको अर्बौं कर छली, चूडामणि शर्मा, गोपाल खड्कालगायत

बाँकी पृष्ठ ७ मा

## प्रेस स्वतन्त्रताका पक्षमा ५ पत्रकार सङ्गठन



■ **रातो खबर संवाददाता**/काठमाडौं

सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता कुण्ठित गराउने खेल खेलिरहेको निष्कर्ष निकाल्दै पाँच पत्रकार सङ्घसङ्गठन एकजुट भई दबाबमूलक आन्दोलन गर्ने भएका छन् । काठमाडौँमा मङ्गलबार भएको पत्रकार सम्बद्ध ५ सङ्घसङ्गठनको बैठकले पछिल्लो समय सरकार प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति अनुदार हुँदै गएको निष्कर्ष निकाल्दै दबाबमूलक अभियान

... बाँकी पृष्ठ ७ मा

## राजनीतिक अर्थशास्त्र : वर्तमान आर्थिक प्रवृत्ति

**देश/परिवेश**

■ धर्मेन्द्र बास्तोला 'कञ्चन'



अहिलेको विश्वका राजनीतिक-आर्थिक प्रवृत्तिहरूलाई कसरी बुझ्ने भन्ने विषयमा नेपालमा कुनै न कुनै प्रकारको बहस चल्दै आएको छ । केही मानिसहरू, खासगरी नेपालको बुर्जुवा वर्ग विश्वको एकाधिकार पुँजीवादबाट निगम पुँजीमा विकास भएको अवस्थालाई अन्तिम सत्यका रूपमा व्याख्या गरिरहेका हुन्छन् र उनीहरूले यसमा परिवर्तनको कुनै गुन्जायस देख्दैनन् । केही मानिसहरूको विचारमा नेपाललाई विश्वको त्यो विकसित स्थितिमा समावेश गर्न केवल पुँजीवादी समाजको नामकरण गर्नु पर्याप्त हुन्छ । यो निम्नबुर्जुवा वर्ग प्रगतिको बाधक प्रतिक्रियावादी वर्गसँग समन्वय गर्दै उसको आवश्यकता र बाध्यतामा 'समाजवाद' स्थापना गर्न चाहन्छ र देशमा समानता, समृद्धि र उन्नत सभ्यता स्थापित गर्न चाहन्छ । केही मानिसहरू उनीहरूको प्रतिक्रियावादी चरित्रअनुसार परिवर्तनको कुरा पनि सुन्न चाहँदैनन् । उनीहरू केवल नेपालमा आर्थिक विकासको एकोहोरो नारामा रमाइरहेका छन् । समय र परिस्थितिअनुसार बहसको तरङ्ग बदलिने गरेको छ । देशमा नेपाली समाजको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा आमूल परिवर्तन चाहने, क्रान्तिकारी रूपान्तरण चाहने तर त्यसका लागि आवश्यक पर्ने वर्गसङ्घर्षका क्षेत्रमा बहससमेत चलाउन पछि हट्ने निम्नबुर्जुवा पुँजीवादीहरूको एउटा जमातले हमेसा कुनै न कुनै तरिकाले परिवर्तन हुनुपर्ने मागलाई स्वीकार गरेको छ । तर त्यसप्रकारको समाज स्थापना गर्न त्यसको बाधक शक्ति प्रतिक्रियावादी सत्ताको उन्मूलन गर्ने वर्गसङ्घर्ष आवश्यक पर्ने सङ्घर्षलाई इन्कार गर्छ । यस्तो वर्गले समाजलाई लुटेरा वर्गको हातबाट परिवर्तन गरेर होइन, त्यसको नामकरण गरेर परिवर्तनको आभास दिन खोज्छ । नेपाली निम्नबुर्जुवाहरूले चलाइरहेको बहस : नेपाल अहिले 'पुँजीवादी' देश हो कि 'सामाजवादउन्मुख ?' भन्ने त्यसैको परिणाम हो । नेपाली राजनीतिको एउटा बौद्धिक तप्का जसले केही समयपहिले नेपाल पुँजीवादी देश हो भनेर बहस गर्दै थियो, उनीहरूको अभिलाशा स्पष्ट देखिन्थ्यो, सामन्तवादी उत्पादन सम्बन्धमा रहेको देश नेपाललाई न्यूनतम् पुँजीवादसम्मको मान्यता दिन सकियो भने त्यसले उत्पादक शक्तिको विकास गर्न सक्थ्यो र त्यो उत्पादक शक्तिले समाजवादी क्रान्तिको ढोका खोल्न सक्थ्यो । यसप्रकारको निम्नबुर्जुवा रोमान्स रुझान वास्तवमा तिनै प्रबुद्ध बुर्जुवाहरूमा पैदा भएको पाइन्छ जसले मुखले र मनमा देशमा समाजवाद होस्, समस्त

... क्रमशः पृष्ठ ३ मा

## सम्पादकीय

# भ्रष्टाचार उत्पादन गर्ने सत्ता

कमरेड लेनिनले उहाँको सुप्रसिद्ध पुस्तक 'राज्य र क्रान्ति' मा एउटा सन्दर्भ उल्लेख गर्नुभएको छ 'राज्य भनेको भ्रष्ट उत्पादन गर्ने संस्था हो । त्यसैले राज्यको विलोपीकरण अनिवार्य छ ।' उहाँको यो भनाइ सबैखाले राज्यहरूमा लागू हुन्छ । अझ पुँजीवादी राज्यप्रणाली, त्यसमा पनि अझ नेपालजस्तो दलाल पुँजीवादी सत्ता त झनै भ्रष्टहरूकै हो भन्ने कुरा केपी सरकारका यी १५ महिनाहरूले पुस्टि गरेका छन् । हुनत विश्वमा कुन यस्तो पुँजीवादी देश छैन जहाँ भ्रष्टाचार नभएको होस् । आफूलाई सबैभन्दा लोकतान्त्रिक भन्न रुचाउने देशहरूमा पछिल्लो क्रममा राजनीतिक र संस्थागत भ्रष्टाचार भएका छन् । यी देशहरूमा भएका भ्रष्टाचारका कुरा त्यहाँका नोकरशाहीतन्त्रले सार्वजनिक गर्ने गरेका छन् । त्यसैगरी संसदीय व्यवस्था भएका देशहरूमा एउटा पुँजीवादी पार्टीले अर्को पुँजीवादी पार्टीमाथि भ्रष्टाचारको आरोप लगाउने गरेका छन् । यो उनीहरूले स्थापित गरेको संसदीय संस्कारजस्तै हुन पुगेको छ ।

गत संसदीय चुनावमा तत्कालीन एमाले र माओवादी केन्द्रको चुनावी गठबन्धनले स्पष्ट बहुमत प्राप्त गरेपछि गएको फागुन ३ गते खड्गप्रसाद वलीको नेतृत्वमा संयुक्त सरकार बनेको थियो । पछि ती दुई पार्टीहरूका बीचमा गत जेठ ३ गते एकता भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) बनेको थियो । उक्त सरकारी नेकपाका अध्यक्ष तथा प्रधानमन्त्री केपी वलीले सधैँ आफ्नो भाषणमा एउटा कुरा भन्न बिर्सँदैनन् । त्यो हो- म आफू भ्रष्टाचार गर्दिनँ, अरूलाई पनि गर्न दिन्नँ ।

उनको सरकार बनेको १५ महिना पुगेको छ । सरकार गठन भएको जति दिनहरू बितिराखेका छन् उति नै भ्रष्टाचारका मामिलाहरू बाहिर आएका छन् । कस्तो हुन थालेको छ भने कुनै दिन यस्तो छैन सञ्चारमाध्यममा भ्रष्टाचारको समाचार नआएको होस् । यसबीचमा संस्थागत रूपमा एनसेल कर छली, नेपाल वायुसेवा निगमको वाइड बडी खरिद, मेलम्ची खानेपानीमा ठूलो रकममा भ्रष्टाचार भएका छन् । यी भ्रष्टाचार काण्डहरू सेलाउन पाएका छैनन्, अहिले आएर सरकारी र सार्वजनिक जग्गामा भएको भ्रष्टाचारको लर्को लागेको छ ।

यी भ्रष्टाचारमा स्वयम् सरकारमा रहेका मन्त्री, सरकारी पार्टीका महासचिवसम्मको नाम जोडिन थालेको छ । केपी वलीका नजिक भनिएका उनको पार्टीका महासचिव विष्णु पौडेल प्रधानमन्त्री निवासको जग्गा खरिदमा संलग्न रहेको प्रमाणहरू नै बाहिर आएका छन् । खानेपानीमन्त्री बिना मगर जो सरकारी पार्टीकी सदस्य मात्र नभएर उक्त पार्टीका अर्का अध्यक्ष पुष्पकमल दाहालकी बुहारी हुन् उनको संलग्नता रहेको पुस्टि भएको छ । उनले बढी रकम मागेकाले दिन नसकेको भन्दै निर्माण कम्पनी निर्माणकार्य नै छाडेर गएको थियो । सरकार गठन भएको यस क्रममा सानातिना भ्रष्टाचारका सूची पनि लामै छन् । यो सरकारले परिचालन गरेको नोकरशाहीतन्त्रका तल्ला तहका कर्मचारीका हजार, दुई हजारका भ्रष्टाचारका घटना त घन्टाघन्टामा आउने गरेका छन् । त्यसैले पनि यो सरकारका प्रधानमन्त्रीले आफूले भ्रष्टाचार नगर्ने र अरूले गरेको पनि नसहने जुन वाक्यांश छ, पछिल्लो क्रममा एउटा हास्यास्पद चुट्किलाको 'लतिफा' जस्तो बन्न गएको छ ।

यो सरकारलाई अहिले आएर बालुवाटार र खुलामञ्चको जग्गामा भएको भ्रष्टाचारको भूतले सताएको छ । अहिले आएर सबै जिल्लाहरूका सरकारी र सार्वजनिक जग्गामा कर्मचारी वा सरकारी पार्टीका नेताहरूको मिलोमतोमा भ्रष्टाचार गरी बेचिएका खबर आएका छन् । कहाँसम्म भने भ्रष्टाचार रोक्न गठन गरिएको र संवैधानिक भनिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुखहरू नै भ्रष्टाचारका मुख्य मतियार हुन पुगेका छन् । अहिलेसम्मका सबैजसो निवृत्त प्रहरी प्रमुखहरूमाथि भ्रष्टाचारको मुद्दा लागेको छ । यति मात्र होइन, अहिलेको प्रमुख प्रतिपक्षी भनिएर चिनिएको नेपाली काङ्ग्रेसका सभापति शेरबहादुर देउवाको नाम वाइड बडी र बालुवाटारको जग्गामा भ्रष्टाचारमा मुछिएको छ । सबैजसो संसदीय पार्टीका मुख्य नेताहरू भ्रष्टाचारमा मुछिएका छन् ।

यी तथ्यहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने नेपालको वर्तमान सत्ता जसलाई पुँजीवादीहरूले उत्कृष्ठ भन्ने गरेका छन् यो व्यवस्था राजनीतिक सत्ताले भ्रष्टाचारीहरूलाई उत्पादन गर्दछ र गरिराखेको पनि छ । मान्छेहरूले अहिले आएर भन्ने गरेका छन्, यो राजनीतिक प्रणाली त ठीकै हो तर यसमा पुगेका मुख्य सञ्चालकहरू नै बेठीक भएकाले यो सत्ताले जनताका पक्षमा काम गर्न नसकेको हो । जसरी देशमा लामो समयसम्म बहुमत प्राप्त सरकार नभएकाले स्थिरता हुन नसकेकाले भ्रष्टाचारजस्ता विकृति भएका छन् भन्ने गरिन्थ्यो । तर यो सरकार दुईतिहाइ बहुमत प्राप्त छ । तर हिजो भएको कुनै पनि विकृति अहिले हट्न सकेको छैन । बरु भ्रष्टाचारले स्थानीय तहसम्म मौलाउने मौका पाएको छ । त्यसैले यसको मुख्य कारण वर्तमान संरचना हो जसले आर्थिक, राजनीतिक र वैचारिक भ्रटाचारलाई मलजल गर्दछ ।

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ

**– रातो खबर साप्ताहिक**

# सरकारको प्रचारयुद्धबारे

*"पार्टीमा एकता छ । नेकपा शक्तिशाली बन्दै गएका कारण आक्रमण भएको छ । आक्रमण नेतृत्वमाथि हुन्छ र कार्यकर्ता र जनतालाई निराश पारिन्छ । रिहा भएपछि स्थायी समितिको बैठकमा अनुभूति मन्तव्य राख्दै भावुक मुद्रामा प्रकाण्डले 'मलाई मार्ने निश्चित भएको भए म नेकपा-जिन्दावाद !, क. विप्लव-जिन्दावाद !! नारा लगाउने थिएँ' भनेको कुरा सार्वजनिक भएको छ । यस्तो अवस्थामा विप्लव र प्रकाण्डका बीचमा अन्तरविरोध भनेर कृत्रिम धुवाँको खेती किन हुन्छ ? यो सामान्य समाचार मात्र होइन, वली-बादलमण्डलीले बोकेको बम-बारुद हो ।*



अनिल शर्मा 'विरही'

मार्क्सवादका प्रणेताहरू मूलतः अध्यक्ष माओले क्रान्तिका ३ जादुगरी हतियार पार्टी, सेना र संयुक्त मोर्चालाई भन्नुभएको छ । आजको युगमा यो अपूरो र अपूर्ण भएको छ । अब क्रान्तिका जादुगरी हतियारमा 'सञ्चार' लाई जोड्नुपर्छ । सञ्चारको महत्वमा उचित दृष्टिकोण नबनेका कारण आन्दोलनमा समस्या भैरहेको छ । पर्याप्त जनमत बनेको छैन र विभ्रमको शासन चलिरहेको छ । 'लो टेक र हाई टेक' को उचित समायोजनसमेत भएको छैन । नेकपा र उसमाथि लगाइएको वली-बादलमण्डलीको कथित प्रतिबन्धका सन्दर्भमा पनि त्यो मुखरित भएको छ ।

तानाशाह हिटलरका सञ्चारमन्त्रीको धारणा यस सन्दर्भमा महत्वपूर्ण छ । उनी गलत समाचार पनि सयपटक सही भनेपछि सही समाचारका रूपमा स्थापित हुन्छ भन्थे । हिटलरको त्यसप्रकारको सोचाइलाई अमेरिकाले सबैभन्दा बढी प्रयोगमा ल्याएको छ । इराक र सद्दाम हुसेनका विरुद्ध आणविक अस्त्रको भयानक कुरूप चित्र निर्माण गरेर युरोप र अमेरिकामा इराकविरोधी जनमत बनाइयो । त्यही जनमतमा टेकेर अमेरिका र विश्व सुरक्षाका निम्ति भन्दै इराकको बर्बादी गरियो । तर इराकमा आणविक अस्त्र नभएको अहिले पुष्टि भयो । अमेरिकाले तेलका निम्ति सञ्चारको व्यापक प्रयोग (दुरुपयोग) गरेको थियो । उत्तरकोरिया, सिरिया, भेनेजुयलाका विरुद्ध 'सञ्चार सेना' लाई अमेरिकाले त्यसरी नै 'एसल्ट ग्रुप' मा परिचालन गरिरहेको छ । 'ब्याक फोर्स' का रूपमा विश्वबैङ्क, अन्तर ाष्ट्रिय मुद्राकोष, सुरक्षा परिषद् र लाखौँ गैसस परिचालित छन् । सबैभन्दा पछाडि नेटो फौज तम्तयार छ ।

वली-बादलमण्डलीले नेपालमा सञ्चारमाध्यमलाई त्यसरी नै प्रयोग गरिरहेको छ । नेकपाले वली सरकार र प्रचण्ड-वलीमण्डलीको राष्ट्रघात, जनघात र देशद्रोहको भण्डाफोर गरेपछि शान्तिपूर्ण कार्यक्रममा हस्तक्षेप गर्न थाल्यो । सरकारी सञ्चारमाध्यम र सत्ता-शक्ति प्रयोग गरेर आरोप र लाञ्छनाको बौछार गर्न थाल्यो । वली-बादलमण्डलीको अपराधलाई बचाउ गर्ने त्यो हर्कतलाई बल पुग्ने गरी प्रचण्डले आफूलाई मार्न टोली खटाएको प्रचार त्यही समयमा सार्वजनिक गरे । सत्ताको ताबेदारी गरेर विज्ञापन र नजराना बटुल्न पल्केका केही सञ्चारले चन्दाआतङ्कको कथा बनाए जसरी उत्तरकोरियाका विरुद्ध भारतीय सञ्चार र भेनेजुयलाका विरुद्ध अमेरिकी सञ्चारमाध्यमले गरिरहेका छन् ।

नेकपाका विरुद्ध भएको प्रचारयुद्धमध्ये नेताहरूको बीचमा अन्तरसङ्घर्ष भएको, कारबाही भएको, अरू पार्टीमा जान लागेको यस्ता अनेक प्रचार भए । जनयुद्धको समयमा चर्चित सिलगुडी प्रशिक्षणमा कार्यकर्ताले 'आगो नबलीकन धुवाँ निस्कन्न' भन्दा डा. बाबुराम भट्टराईले ' आजको प्रविधिले आगोबिना नै धुवाँ निकाल्न सकिन्छ' भनेका थिए । नेकपाको नेतृत्वका विरुद्ध कृत्रिम धुवाँको कुइरीमण्डल धुवाँ शीतलहरझैँ फैलियो । नेकपामा अहिले पार्टी कार्यदिशा र नेतृत्व (मूलतः महासचिव) का विषयमा अन्तरविरोध शून्यबराबर छ । सिरक ओढेर मुड्की ताक्ने कायरहरू भागाभाग गरिरहेका छन् । यस्तो अवस्थामा सत्ताधारी पार्टीका नेताहरूका बीचमा झगडा, गोडा तानातान, लुटपाट, राष्ट्रघात, जनघातबाट वाक्क भएका कार्यकर्ता आदर्शको खोजीमा नलागून् भनेर 'विप्लव पनि उस्तै हो', प्रकाण्ड र वामदेव वा नारायणकाजीजस्तै हुन् भनेर विभ्रम खडा गर्नुपर्थ्यो । क्रान्तिकारी जनता र ध्रुवीकरणलाई निरुत्साहित गर्नुपर्थ्यो । त्यसैले अनेक कथा बनाइयो । व्यापक प्रचार गरियो । नेकपाप्रति सहानुभूति राख्ने पत्रकार तथा सञ्चारमाध्यमको मुख थुन्ने र एकपक्षीय रूपमा पञ्चायती कालको 'गोरखा पत्रकारिता' प्रवाह गर्ने सरकारी रणनीति छ जसका आधारमा देशभक्त र जनपक्षीय शक्तिका विरुद्ध जनमत बनाउने र लूट तथा देशद्रोही अनुहार छोप्ने मनसुवा वली-बादलमण्डलीको छ ।

हरेक सङ्घर्ष र आन्दोलन अथवा युद्धमा प्रतिक्रियावादी पक्षले झूट्टा, कपोलकल्पित, भ्रमित सूचना प्रवाह गरेर आफ्नो अपराध लुकाउने र जनमत बढाउने कार्य गर्छन् । त्यसक्रममा विभीषणहरू प्रभावकारी हतियार हुन्छन् । राम-रावण युद्धमा रावणको भाइ विभीषण राम-हनुमानमण्डलीमा आत्मसमर्पण गरेपछि रावणको हार भएको थियो । नेकपाले केही समयअगाडि व्यक्तिवादी, महत्वाकाङ्क्षी, शङ्कास्पद, भ्रष्ट र केही अलमलमा परेका पार्टी निकट सञ्चारकर्मीहरूलाई कारबाही गरेको थियो । तिनै विभीषणहरूलाई सरकारी पक्षले प्रयोग गरेर विभ्रम खडा गऱ्यो ।

नेकपाको सङ्गठन, नैतिक र वैचारिक रूपमा विकास भइरहेकोमा विपक्ष र सरकारी स्रोत नै सहमत छ । अन्यथा यत्रो बबन्डर आवश्यक नै थिएन । अब प्रश्न उठ्छ, एकता नभएको भए विकास हुन्थ्यो त ? विकास छ त्यसैले पार्टीमा एकता छ । नेकपा शक्तिशाली बन्दै गएका कारण आक्रमण भएको छ । आक्रमण नेतृत्वमाथि हुन्छ र कार्यकर्ता र जनतालाई निराश पारिन्छ । रिहा भएपछि स्थायी समितिको बैठकमा अनुभूति मन्तव्य राख्दै भावुक मुद्रामा प्रकाण्डले 'मलाई मार्ने निश्चित भएको भए म नेकपा-जिन्दावाद !, क. विप्लव-जिन्दावाद ‼ नारा लगाउने थिएँ' भनेको कुरा सार्वजनिक भएको छ । यस्तो अवस्थामा विप्लव र प्रकाण्डका बीचमा अन्तरविरोध भनेर कृत्रिम धुवाँको खेती किन हुन्छ ? यो सामान्य समाचार मात्र होइन, वली-बादलमण्डलीले बोकेको बम-बारुद हो । यो अग्रमोर्चा हो, एसल्ट ग्रुपको फौज हो । इमानदारी र क्षमताद्वारा समस्याको समाधान गर्न सम्भव छ । आन्दोलन उठ्दै जाँदा प्रविधि र कलालाई अत्यधिक दुरुपयोग गरेर नक्कली समाचार (फेक न्युज) र भ्रम तथा आक्रमण झन् बढ्नेछ । त्यसैले अध्यक्ष माओले दुस्मनले समर्थन गर्दा, प्रशंसा गर्दा सतर्क हुनु र विरोध गर्दा सही छौँ भनेर बुझ्नुपर्छ भन्नुभएको थियो । तसर्थ हामीले दुस्मनको प्रचारयुद्धलाई गहिरोसँग बुझ्नुपर्छ र प्रभावकारी प्रतिरोध गर्नुपर्छ । नीतिगत प्रतिरोध मात्र होइन, घण्टा-घण्टामा व्यावहारिक प्रतिरोध गर्नुपर्छ । अध्यक्ष माओले सांस्कृतिक क्रान्तिको समयमा भन्नुभएको थियो, 'बन्दुकका हत्याराभन्दा कलमका हत्यारा झन् बढी खतरनाक हुन्छन् ।' त्यसकारण वली-बादलमण्डलीको प्रचार तथा सूचनाफौजका विरुद्ध प्रभावकारी प्रचारफौज तयार नगरी समग्र लडाइँ जित्न सम्भव छैन ।

# नौ विद्यार्थी सङ्गठन सरकारविरुद्ध सडकमा

**काठमाडौँ** : नेविसङ्घसहित ९ विद्यार्थी सङ्गठनहरूले वली सरकारले देशका विभिन्न समस्याहरूको समाधान खोज्नुको साटो जनविरोधी कार्यलाई तीव्रता दिएको भन्दै सरकारविरुद्ध सडकमा उत्रने उद्घोष गरेका छन् । प्रेसविज्ञप्ति जारी गर्दै उनीहरुले विरोध ऱ्यालीसहित प्रदर्शनमा उत्रने घोषणा गरेका हुन् ।

राजधानीस्थित अनेरास्ववियु (पाँचौँ) को कार्यालयमा बसेको ९ विद्यार्थी सङ्गठनको बैठकले वैशाख १७ गते प्रदर्शनमा उत्रिने निर्णय गरेको थियो । विज्ञप्तिमा अखिल (क्रान्तिकारी) का अध्यक्षहरू चिरञ्जीवी ढकाल, आलोक रायमाझी तथा हरिकृष्ण गजुरेल, अनेरास्ववियु (पाँचौँ) का अध्यक्ष घनश्याम मिश्र, नेविसङ्घका पूर्वउपाध्यक्ष ऋषिकेशजङ्ग शाह, समाजवादी फोरम नेपालका अध्यक्ष विवेक राई, अखिल नेपाल विद्यार्थी युनियनका प्रमुख प्रवीण मिश्र, राष्ट्रिय विद्यार्थी सङ्घका महासचिव रञ्जित निष्पक्ष र ने.आ.ज.वि. महासङ्घका अध्यक्ष दुजाङ शेर्पाले हस्ताक्षर गरेका थिए ।



विरोध ऱ्याली तथा प्रदर्शन गर्नुपर्ने विभिन्न कारणहरू रहेको उल्लेख गर्दै विज्ञप्तिमा भनिएको छ, "शिक्षामा भएको चर्को शुल्कवृद्धि, व्यापारीकरण तथा माफियाकरणको भण्डाफोर गर्न, एनसेल, फोरजी, सुनकाण्ड, वाइडबडीसहित अर्बौं भ्रष्टाचारको विरोध, बालुवाटारको जग्गा किर्ते काण्डलगायत भूमाफियाविरुद्धको सङ्घर्ष मजबुत बनाउन, निर्मला पन्तका हत्यारा सार्वजनिक गर्न राज्यलाई दबाब दिन, सीमा अतिक्रमणसहित सीके राउतकाण्डले सङ्कटमा परेको राष्ट्रियता जोगाउन, सर्वसत्तावादी सरकारका विरुद्ध सङ्घर्षको शङ्खघोष गर्न, प्रलोभनमा पारेर भाषा, धर्म र संस्कृतिमाथि भैरहेको हस्तक्षेपको विरोध गर्न प्रदर्शन अनिवार्य बनेको छ ।"

पोखरा विश्वविद्यालयमा पनि केही समयदेखि व्यापारिक मानसिकताले विद्यार्थीको भविष्यमामाथि खेलबाड गरेको विज्ञप्तिमा उल्लेख गरिएको छ । अगाडि भनिएको छ, "हालै पोखरा विश्वविद्यालयले व्यवस्थापन सङ्कायअन्तर्गतका विद्यार्थीहरूको रजिस्ट्रेसन नगराई उनीहरूको भविष्यमाथि गम्भीर खेलबाड गरेकोप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको छ ।"

रजिस्ट्रेसनबाट वञ्चित गरिएका विद्यार्थीलाई तुरुन्त रजिस्ट्रेसन गराई परीक्षा लिने र विद्यार्थीहरूको पढ्न पाउने नैसर्गिक अधिकारप्रति जिम्मेवार बनी रजिस्ट्रेसन नगराउने भनेर गरेको निर्णय तत्काल खारेज गर्न संयुक्त विद्यार्थी सङ्गठनले जोडदार माग गरेको छ ।

नेपाल कम्युनिस्ट पार्टी तथा अखिल (क्रान्तीकारी) लाई वर्तमान सरकारले आस्थाका आधारमा गरेको धरपकडप्रति घोर भर्त्सना तथा आपत्ति प्रकट गर्दै हालसम्म अखिल (क्रान्तीकारी) का सयौँ नेता-कार्यकर्ताहरू प्रहरी हिरासत र जेलमा रहेकाले उनीहरूको अविलम्ब रिहाइको मागसमेत विज्ञप्तिमा गरिएको छ ।

पृष्ठ १ बाट क्रमशः

# राजनीतिक अर्थशास्त्र : वर्तमान आर्थिक प्रवृत्ति

जनतामा समृद्धि आओस् र मानिसमाथि मानिसबाट हुने कुनै पनि प्रकारको अन्याय नहोस्, उत्पीडन र थिचोमिचो नहोस् तर व्यवहारमा उसले देशको दलाल पुँजीवादी प्रतिक्रियावादी सत्ताको पक्षपोषण गर्दछ र आफ्नै चाहनाका विरुद्ध कुठाराघात गर्दै आएको छ। नेपाली समाजको प्रतिक्रियावादी वर्गले विश्वको अहिले चलिरहेको पुँजीको साम्राज्यवादी राजनीतिक संरचनाभित्र आफ्नो जीविका सुनिश्चित गर्न चाहन्छ। त्यस्तै यो समाजमा र नेपाली राजनीति तथा आर्थिक प्रणालीको केन्द्रमा एउटा दलाल पुँजीवादी, सामन्तवादी प्रतिक्रियावादी वर्ग छ जसले देशमा हुने कुनै पनि प्रकारको परिवर्तनको नामसमेत सुन्न चाहँदैन।

देशको परिस्थितिलाई ठीक किसिमले बुझ्ने प्रश्नमा देखिने विभाजित बौद्धिक जनमतले देशको क्रान्तिकारी आन्दोलनमा पनि विभाजन ल्याउनु अनिवार्य हुन्छ । क्रान्तिकारी आन्दोलनमा मात्र होइन, देशको समुच्च विकासमा नै यसले विभाजन पैदा गर्छ । वस्तुगत स्थितिको गलत बुझाइ र व्यवहारले समाजलाई मानिसको चाहनाविपरीत स्वतः गलत ठाउँमा पुऱ्याउँछ। यसको तथ्य हामीले इतिहासमा 'माटो सुहाउँदो व्यवस्था' को नारा दिँदै जडमतिवादी पञ्चायतले देशलाई कङ्गाल बनाएको देखेका थियौँ । साम्राज्यवादको आदेशमा चल्ने व्यवहारवादी संसदीय व्यवस्थाले देशलाई सम्पूर्ण रूपले पराधीन र अपाङ्ग बनाएको नेपाली जनताले भोगेका थिए । समाजका बारेमा चिन्ता गरे पनि देशको परिवर्तन र निर्माण गर्न निर्णायक भूमिका निर्वाह गर्ने बौद्धिक वर्ग परिस्थितिको बुझाइबाट अलगथलग हुनु र समाजको वास्तविक बुझाइप्रति मतभेद पैदा हुनुले देशको भविष्य अन्योलमा घुमिरहेको हुन्छ । जबसम्म परिस्थितिलाई ठीक किसिमले बुझ्न सकिँदैन तबसम्म त्यसलाई बदल्न पनि सकिँदैन।

ठूलाठूला क्रान्तिकारी आन्दोलनको विकास भए पनि पूर्ण रूपमा राजनीतिक क्रान्ति सफल हुन नसक्नु देशको बौद्धिक समुदायमा देखिने मतभेदको परिणाम हो । बौद्धिक क्षेत्रमा हुने विचारको विभाजनले जनतालाई पनि विभाजित गरेको हुन्छ । यसको असर समग्र आन्दोलन र परिवर्तनमा परिरहेको हुन्छ। अहिलेको विश्वको आर्थिक प्रवृत्ति र त्यसले निर्धारण गरेको राजनीतिक परिवेशलाई ठीक किसिमले बुझ्नु, त्यो बुझाइमा समाजको निर्णायक समूह बौद्धिक वर्गलाई आकर्षित गर्नु र जनतालाई वैज्ञानिक बुझाइप्रति एकताबद्ध गर्नु नेपाली कम्युनिस्टहरूको दायित्व हुन आउँछ । अहिलेको विश्वको प्रवृत्ति र त्यसको नेपालमा पर्ने प्रभावका बारेमा यहाँ सङ्क्षिप्त चर्चा गरिनेछ।

राजनीतिक र फौजी हिसाबले वर्तमान विश्व बहुध्रुवमा विभाजित हुँदै आएको भए पनि एकाधिकार पुँजीको निगम पुँजीमा भएको विकासले विश्वलाई एउटा मुठीभित्र ल्याइदिएको छ । 'साम्राज्यवाद पुँजीवादको उच्चतम चरण' मा लेनिनले साम्राज्यवादका विशेषताहरूका विषयमा निम्न ५ बुँदाहरू औँल्याउनुभएको थियो : १) उत्पादन र पुँजीको केन्द्रीकरण सबैभन्दा उच्च स्तरमा विकास भएको छ जसले एकाधिकार पैदा गरेको छ र त्यसले आर्थिक जीवनमा निर्णायक भूमिका निर्वाह गरेको छ । २) बैङ्क पुँजीले औद्योगिक पुँजीलाई आफूभित्र गाभ्नु र त्यसबाट 'वित्तीय पुँजी' विकास हुनुले वित्तीय कुलीनहरू (ओलीगार्स) पैदा भएका छन् । ३) पुँजीको निर्यातले वस्तुको निर्यातभन्दा फरक हुनुले भिन्न प्रकारको महत्त्व राख्छ। ४) अन्तर ाष्ट्रिय पुँजीवादी एकाधिकारवादीहरूको संयोजित रूप धारण गर्नुले विश्वलाई उनीहरूले आपसमा दामासाही गर्ने अवस्था आएको छ र ५) ठूला पुँजीपतिहरूको बीचमा विश्वको सम्पूर्ण भूभागको विभाजनले पूर्णता पाएको छ । त्यसको निष्कर्षमा उहाँले भन्नुभएको थियो, 'यो पुँजीको चरित्र 'केन्द्रीकृत' छ, 'एकाधिकार' प्रकारको छ। यो 'परजीवी' छ जसको परिणाम यो मरणोन्मुख छ। लेनिनले साम्राज्यवादको परिभाषा दिँदै लेख्नुभयो, 'साम्राज्यवाद विकासको यो चरणको पुँजीवाद हो जहाँ एकाधिकार तथा वित्तीय पुँजी आफैँमा स्थापित भैसकेको छ जहाँ पुँजीको निर्यातले अत्यन्त ठूलो महत्त्व राख्छ, जहाँ अन्तर्राष्ट्रिय ट्रस्टहरूका बीच विश्वको विभाजन सुरुआत भएको छ, जहाँ सम्पूर्ण पृथ्वीको विभाजन ठूला पुँजीपति शक्तिहरूका बीचमा विभाजित हुने प्रक्रियाले पूर्णता पाएको छ।' यसबाट प्रस्ट हुन्छ, साम्राज्यवादले एकातिर बैङ्क तथा औद्योगिक पुँजीको मिश्रण गरेर वित्तीय पुँजीको विकास गऱ्यो, एकाधिकारवादी अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरू सङ्गठित गऱ्यो, अर्कोतिर विश्वका जनताहरूलाई विभाजित गऱ्यो र लुटका निम्ति एकाधिकार पुँजीपतिहरूको स्वार्थमा विश्वलाई विभाजन पनि गऱ्यो । विश्वको विभाजनमा सबै साना तथा ठूला देशहरू साम्राज्यवादी लुटेराहरूको उत्पादित सामान महँगो मूल्यमा बिक्री गर्ने बजार तथा त्यसप्रकारको उत्पादनका लागि आवश्यक सस्तो मूल्यमा कच्चा पदार्थ र सस्तो मूल्यमा श्रम आपूर्ति गर्ने ठाउँ बनेका छन् । मध्यपूर्वका सबै सानाठूला देशहरू अमेरिकी बजार बनेका छन्। साउदी अरेबिया, टर्की, इजिप्ट, इराकलगायत ठूलो भूभाग र ठूलो जनसङ्ख्या भएका देशहरूसमेत अमेरिकी बजार र कच्चा पदार्थको स्रोत बनेका छन् । नेपाल पनि साम्राज्यवादी भारत, अमेरिका, जापानलगायत विभिन्न देशहरूले सस्तो मूल्यमा कच्चा पदार्थ दोहन गर्ने देश बनेको छ र सस्तो मूल्यमा उत्पादनका लागि आवश्यक पर्ने जनशक्ति- मजदुरहरू- को आपूर्ति गर्ने देश बनेको छ।

२१ औँ शताब्दीमा यो प्रक्रिया अझ घनीभूत रूपमा देखापर्छ। १९ औँ शताब्दीमा जतिबेला मार्क्सले पुँजी लेख्दै हुनुहुन्थ्यो, त्यो समयमा प्रतिस्पर्धात्मक पुँजीको विकास भैरहेको थियो। मार्क्स त्यो समयमा पुँजीवादको सैद्धान्तिक तथा ऐतिहासिक विश्लेषण गर्दै के निष्कर्षमा पुग्नुभएको थियो भने पुँजीको चरित्रका कारण पुँजीवादको स्वतन्त्र प्रतिस्पर्धाले पुँजीको केन्द्रीकरणलाई जन्म दिनेछ। त्यही बेलाका अर्थशास्त्रीहरूले मार्क्सको विरोध गरेका थिए तर यो तथ्य २० औँ शताब्दीमा प्रमाणित हुन पुग्यो । २० औँ शताब्दीमा जतिबेला लेनिनले साम्राज्यवाद पुँजीवादको उच्चतम् चरण लेख्दै हुनुहुन्थ्यो, त्यो समयमा प्रतिस्पर्धात्मक पुँजी एकाधिकार पुँजीमा विकास भैसकेको थियो । अहिले २१ औँ शताब्दीमा त्यो एकाधिकार पुँजी निगम पुँजीमा विकास भएको देखापर्छ । १९ औँ शताब्दीको पुँजी निक्षेपको प्रतिस्पर्धाले २० औँ शताब्दीमा पुँजीमाथिको एकाधिकारपूर्ण नियन्त्रणमा पुऱ्यायो । एकाधिकारवादी पुँजी नियन्त्रणको प्रतिस्पर्धाले २१ औँ शताब्दीमा निगमकारी एकाधिकारमा पुऱ्यायो र विश्वभरको पुँजीमाथि मुठीभर पुँजीपतिहरूको एकाधिकार कायम गऱ्यो । १९ औँ शताब्दीमा पुँजीको नियन्त्रण गर्ने युरोप र अमेरिकामा औद्योगिक पुँजीसँग सम्मिश्रण गरेका केही ठूला बैङ्कहरू, केही कर्टेल्स र सिन्डिकेटहरू थिए । दोस्रो विश्वयुद्धको समाप्तिपछि त्यसको केन्द्रीकरण नयाँ चरणमा पुग्यो। राजनीतिक रूपमा संयुक्त राष्ट्रसङ्घ एकातिर बन्यो भने व्यापारिक

रूपमा विभिन्न सङ्गठनहरूको उदय भयो । विश्व व्यापार सङ्गठन, विश्व खाद्य कार्यक्रम, विश्व बाल बचाउ सङ्गठन, विश्व मानवअधिकार सङ्गठनजस्ता व्यापारिक एवम् सामाजिकजस्ता देखिने सङ्गठनहरूको उदय भयो । यो वास्तवमा अरू केही थिएन, पहिले मार्क्सले र पछि लेनिनले विश्लेषण गर्नुभएजस्तै एकाधिकारवादी अन्तर्राष्ट्रिय कुलकहरूको पोल्टामा पुँजीको केन्द्रीकरण थियो।

पुँजीको केन्द्रीकरणको प्रक्रियाले समयसमयमा आर्थिक मन्दी आउनु अनिवार्य हुन्थ्यो । आर्थिक मन्दीको तात्पर्य मुनाफाखोर पुँजीपतिहरूको उत्पादित सामान खपत नहुनु र सम्पत्तिको केन्द्रीकरणमा कमी आउनु हो । यो प्रक्रिया ठूलाठूला एकाधिकारवादी बैङ्कहरूमा देखापर्थ्यो किनभने पुँजीको केन्द्रीकरण अब ठूला उद्योगहरूमा होइन, ठूला बैङ्कहरूमा भैसकेको थियो। यो समस्या समाधान गर्न एकाधिकार पुँजीपतिहरूले एकातिर वित्तीय बजारमा सबै प्रकारका अवरोधहरू हटाउनुपर्थ्यो र अर्कोतिर उत्पादित सामानहरूको बेरोकटोक वितरण र पर्याप्त खपत हुने अवस्था सिर्जना गर्नुपर्थ्यो। एकाधिकारवादी पुँजीको साम्राज्यवादी संयन्त्र अझ नयाँ चरणमा विकास हुनुपर्थ्यो, त्यसको परिणाम २१ औँ शताब्दीमा निगम पुँजीको विकास हुन पुग्यो।

निगम पुँजीको विकास वास्तवमा बीसौँ शताब्दीको अन्तिम दशकबाट सुरु हुन्छ । भूमण्डलीकरण, उदारीकरण र निजीकरणबाट सुरु भएको यो प्रक्रिया बीसौँ शताब्दीको अन्त्य खासगरी १९९४ मा जेनरल एग्रिमेन्ट फर ट्रेड एन्ड ट्यारिफ (ग्याट) सम्झौतामा पूर्णता प्राप्त गऱ्यो । ग्याट सम्झौताले पुँजीको एकाधिकारलाई विश्वस्तरमा अझ खुला र फराकिलो बनायो। पुँजीको प्रवाहद्वारा कच्चा पदार्थ र श्रम शक्तिको प्रयोग तिनै देशहरूमा गर्न थालियो जहाँ ती प्राप्त हुन सक्छन्। साउदी अरेबिया, बहराइन, कतार, कुवेतजस्ता देशहरूमा तेल उत्पादन गर्ने कच्चा पदार्थको प्रयोग गर्न त्यही प्रशोधित मेसिनहरू जडान गरियो। बङ्गलादेशमा त्यहाँको सस्तो श्रमशक्ति शोषण गर्न गार्मेन्ट उद्योगहरू स्थापना गरियो । मलेसियामा त्यहाँको कच्चा पदार्थ दोहन गर्न उद्योगहरू स्थापना गरियो । कोरियाको कच्चा पदार्थको दोहन तथा उत्पादित सामान सहज रूपमा एसियाली बजारमा पुऱ्याउन उद्योगहरू खोलियो। भारतको कच्चापदार्थ र सस्तो श्रमको शोषण गर्न भारतमा एकाधिकारवादी पुँजीपतिहरूका अनेक उद्योगहरू स्थापित गरिए। तिनै देशहरूमा खोलिने उद्योगहरूले सामान पुऱ्याउँदा लाग्ने ढुवानी खर्च र सामानको प्रवेश गरेबापत लाग्ने करमा कमी आयो र पुँजीवादीहरूका लागि अतिरिक्त सम्पत्ति आर्जन गर्ने दायरा धेरै फराकिलो भयो। प्रविधिमा भएको अद्वितीय विकास, कृषि तथा औद्योगिक उत्पादनमा त्यसको प्रयोग, सस्तो ऊर्जा र सस्तो सामान उत्पादन, वस्तुको निर्यात तथा विश्वव्यापी बैङ्किङ कारोबार एवम् मौद्रिक विनिमयका लागि सफ्टवेयरको प्रयोगले पुँजीवादीहरूको सम्पत्तिको सुरक्षा र श्रमजीवीमाथि पुँजीपतिहरूको कठोर नियन्त्रणलाई सुनिश्चित गऱ्यो। कमभन्दा कम लागतमा मानिसका लागि आवश्यक पर्ने महँगाभन्दा महँगा सामानहरूको उत्पादन नयाँ प्रविधिले उत्पादन गर्न थाल्यो । खुला प्रतिस्पर्धाका रूपमा सानो घेरामा १९ औँ शताब्दीमा उदाएको पुँजीवाद विश्वलाई नियन्त्रण गर्ने फैलावटसँगै २० औँ शताब्दीमा एकाधिकारमा विकास भयो र पुँजीपति कुलीनहरूका लागि सम्पूर्ण सीमारेखाहरू मेट्दै २१ औँ शताब्दीमा निगम पुँजीमा विकास भयो जसले श्रमिक जनताको स्वतन्त्रता अझ साँघुरो बन्न पुग्यो। बीसौँ शताब्दीमा उद्योगसँग सहकार्य गरेको पुँजीले एक्काईसौँ शताब्दीमा उद्योगहरूलाई पनि निल्न पुग्यो। देश र राष्ट्रहरूको स्वाधीनतामाथि पुँजीपतिको नियन्त्रण कायम भयो। निगम नियन्त्रित वित्तीय पुँजी एक्काईसौँ शताब्दीका उत्पादकहरूको जीवनमा निर्णायक प्रभाव पार्ने मूल प्रवृत्ति बन्यो।

विश्वको यो परिवेशबाट के तथ्यहरू देखा पर्छन् भने २० औँ शताब्दीमा विभाजित विश्व २१ औँ शताब्दीमा निगम पुँजीको नियन्त्रणमा एकत्रित भयो । अमेरिका, चीन, बेलायत, युरोपेली युनियन, रुस, भारत, जापान, इन्डोनेसिया, दक्षिणअफ्रिका, ब्राजिल, कोलम्बिया, मेक्सिको क्यानाडाजस्ता देशहरू सार्वभौमिकतामा छुट्टै देशहरू रहे पनि निगम पुँजीको नियन्त्रणले उनीहरूलाई एउटैमा केन्द्रित गऱ्यो । राजनीतिक मानचित्रमा एकातिर अमेरिका आर्थिक र फौजी महाशक्तिका रूपमा खडा देखापर्छ, अर्कोतिर चीन पनि त्यत्तिकै शक्तिशाली भएर खडा छ । अमेरिकी नेतृत्वमा युरोपेली युनियनभित्र रहेका देशहरूको गठबन्धन आर्थिक र सामरिक रूपमा साम्राज्यवादी देशहरूमा थिए र अहिले कतिपय नयाँ देशहरूसमेत आर्थिक साम्राज्य ओगट्ने नयाँ साम्राज्यवादी देशहरूको सूचीमा दर्ता हुन पुगे । तर निगम पुँजीका लागि सबै देशहरू अतिरिक्त पुँजी आर्जन गर्ने र संरक्षण गर्ने सुरक्षित स्वर्गजस्तै बने। पुँजीवादले सामन्तवादको अन्त्य गरी पुँजीवादी रूपान्तरण गर्ने क्रान्तिकारी चरित्र पुँजीवादको विकासको चरणमा देखाएको थियो । बेलायतमा पुँजीवादको विकाससँगै सामन्तवादी मूल्य र मान्यताहरू ध्वस्त भएका थिए । त्यो प्रक्रिया एसियामा जापान र पछि युरोपका शक्तिशाली देशहरूमा फैलिएको थियो । एकाधिकार पुँजीको विकाससँगै सामाजिक रूपान्तरणको प्रक्रियालाई निषेध गरियो। एकाधिकार पुँजीवादले सामन्तवादको संरक्षण गर्दै आफ्नो लूटको सुनिश्चितता मात्र गऱ्यो । निगम पुँजीले विश्वका सबै प्रकारका प्रतिक्रियावादी प्रवृत्तिहरूलाई आफ्नो संरक्षणमा लिएको छ। सामन्तवाद, पुँजीवाद, दलाल पुँजीवाद, नश्लवाद, जातिवाद, धार्मिक कट्टरतावाद, संशोधनवाद, आत्मसमर्पणवादजस्ता बृहत् मानिसको जीवनका लागि परिवर्तनविरोधी शक्तिहरूको संरक्षण गरेको छ । वास्तवमा यो अवस्था उत्पन्न हुनुको कारण निगम पुँजीले उत्पन्न गरेको विश्वको एकीकृत प्रवृत्ति हो भन्ने देखिन्छ। निगम पुँजी अहिलेको विश्व व्यवस्थामा अनिवार्य र निर्णायक प्रवृत्ति बनेर रहेको छ।

पुँजीको साम्राज्यवादमा विकासका सन्दर्भमा लेनिनले विश्लेषण गर्दै भन्नुभएको थियो, 'हामीले भन्नुपर्छ- साम्राज्यवाद भनेको एकाधिकार पुँजीको चरण हो।' लेनिनले भन्नुभयो, 'यो परिभाषाले वित्तीय पुँजी भनेको केही ठूला एकाधिकारवादी बैङ्कहरूको पुँजी हो जसले बैङ्कको एकाधिकारवादी पुँजीलाई संयोजित औद्योगिक पुँजीसँग एकाकार गरेको छ र अर्कोतिर औपनिवेशवादको निकासका रूपमा विश्वलाई विभाजित गरिएको छ जो पुँजीवादी शक्तिहरूले प्रयोग गरेका क्षेत्रलाई कुनै अवरोधबिना उपनिवेशको एकाधिकारवादी उपयोग गर्न विश्वलाई पूर्ण रूपले विभाजित गरिएको छ।'

अहिलेको सन्दर्भमा हामीले साम्राज्यवादको सङ्क्षेपमा परिभाषा दिने हो भने भन्नुपर्छ- साम्राज्यवाद भनेको पुँजीवादको अतिकेन्द्रीकृत निगम पुँजीको चरण हो । पुँजीले साम्राज्यवादी निगम पुँजीको चरणमा पुग्दा यसले विश्वका सबै उद्योगहरूलाई बेरोकटोक आफ्नो पुँजीमा गाभेको छ । राजनीतिक र सामरिक हिसाबले विभाजित विश्वलाई वित्तीय पुँजीले एक ठाउँमा पुऱ्याएको छ र विश्वको मानवसंसाधनलाई पुँजीपतिको प्रयोगका लागि आफ्नो नियन्त्रणभित्र गाभेको छ।

अहिले विश्वका अत्यन्त थोरै सङ्ख्यामा रहेका ठूला बैङ्कहरूले विश्वको सम्पूर्ण कुल जनसङ्ख्याको कुल गार्हस्थ्य उत्पादनभन्दा बढी वित्तीय सङ्कलन गरेका तथ्यहरू देखापर्छन् । सन् २०१३ को तथ्याङ्कअनुसार विश्वमा केही ठूला बैङ्कहरू मात्र देखापर्छन् जसले विश्वको कुल गार्हस्थ उत्पादनभन्दा तीन गुणा बढी पुँजी केन्द्रित गरेका छन् जसमध्ये प्राइभेट पर्सन फन्ड जसको ३३ ट्रिलियन (अथवा ३३ खर्ब) अमेरिकी डलरबराबर रहेको थियो, बिमा कम्पनीहरूको २५ ट्रिलियन, म्युच्युअल फन्डहरूको २६ ट्रिलीयन, सोभरिन वेल्थ फन्डहरूको ५.२ ट्रिलियन, हेज फन्ड ५.२ ट्रिलियन र वित्त बजार कोषको २.५ ट्रिलियन अमेरिकी डलरबराबरको सम्पत्ति केही अन्तर्राष्ट्रिय संस्थाहरूको नियन्त्रणमा रहेको थियो। सन् २०१३ मा विश्वका कुल वित्तीय संस्थाले निक्षेप गरेको पुँजी २२५ ट्रिलियन अमेरिकी डलरबराबर छ जसमा सानातिना वित्तीय संस्थाहरूको सम्पत्ति समावेश गरीएको छैन र यो विश्वको कुल गार्हस्थ उत्पादनको तीन गुणा बढी थियो।

निगम पुँजी विश्वका जनताको विरोधी क्षेत्रमा अहिलेको मुख्य प्रवृत्ति हो । एकातिर लगानी पुँजी (अथवा फाइनान्स क्यापिटल) भनेको बैङ्क पुँजी हो जसले विश्वका ठूला उद्योगहरू, निर्माणकार्यहरू नियन्त्रण गरेको छ र ठूलो मात्रामा पुँजीको एकीकरण गरेको छ र अर्कोतिर लगानी पुँजीमार्फत विश्वको कुनाकुनासम्म प्रत्यक्ष रूपले, एकाधिकारवादी पुँजीपतिहरूको स्वार्थ र मुनाफाअनुसार हरेक देशहरूमा नियम र कानुनहरू निर्माण गरेर, हरेक देशहरूमा उनीहरूको स्वार्थलाई सुनिश्चित गर्ने शासकहरू तयार गरेर र त्यसप्रकारका शासकहरूको संरक्षण गर्ने सेना, प्रहरी, अदालत तयार गरेर र त्यसका लागि मनोविज्ञान, राजनीतिक वातावरण पैदा गर्ने सञ्चारमाध्यमहरूको विकास गरेर विश्वका जनतामा विभाजन र नियन्त्रण गरेको छ। विश्वको कुनै पनि यस्तो स्थान बाँकी रहेको छैन जहाँ कर्पोरेट पुँजी अथवा निगम पुँजी नपुगेको होस् । निगम पुँजीको एकाधिकार केवल औद्योगिक तथा वित्तीय पुँजीको नियन्त्रण र परिचालनमा मात्र सीमित छैन । यसले विकसित देशहरूका सरकारहरूलाई समेत आफ्नो नियन्त्रणमा लिएको छ र विगतको वित्तीय पुँजीको अवस्थाभन्दा पछिल्लो निगम पुँजीको अवस्थामा राज्यलाई आर्थिक-राजनीतिक क्षेत्रमा समेत नियन्त्रण गरेको छ।

वित्तीय कारोबार गरेर राज्यले देशको आर्थिक व्यवस्थापन गर्ने हो । निगम पुँजीले राज्यलाई दिने करमा समेत नियन्त्रण गरेको छ । पुँजीपति वर्गले बजारमा सामानको निर्यातमा तिर्ने राजस्व सामानको उत्पादन त्यही देशमा गर्न थालेपछि समाप्त भएको छ । एकातिर वित्तीय नियन्त्रणमा उद्योगहरू चल्ने र ती उद्योगहरू देशको उद्योगपति वा राज्यको सम्पत्तिभन्दा बाहिर एकाधिकारवादी पुँजीपतिहरूको हुने र अर्कोतिर मजदुरको पारिश्रमिक उद्योगहरूमा काम गर्नका लागि जीवित रहने हदसम्म मात्र रहने अवस्था निगम पुँजीले उत्पन्न गऱ्यो जसको परिणाम देशहरू पराधीन हुने अवस्था पैदा भयो । निगम पुँजीले विकसित देशहरूमा समेत करको भार कम गरेको देखिन्छ र गरिब देशहरूमाथि उनीहरूको लुट विकसित देशहरूको भन्दा कैयौँ गुणा बढी भएको देखिन्छ । एकाधिकारवादी पुँजीपतिहरूले बीसौँ शताब्दीको अन्त्यतिर जति कर राज्यलाई दिने गरेका थिए, त्यो एक्काईसौँ शताब्दीमा कम गरेको देखापर्छ जुन कुरा तलको तथ्याङ्कबाट स्पष्ट हुन्छ :

| देश | सन् १९८६ | सन् २००६ | सन् २०१२ |
|---|---|---|---|
| फ्रान्स | ४५% | ३३.३३% | ३३.३३% |
| जर्मनी | ५६% | २६.३७% | २६.३७% |
| बेल्जियम | ४५% | ३३.९९% | ३३.३९% |
| आयरल्यान्ड | ५०% | १२.५०% | १३% |
| इटाली | ३६% | ३३% | ३३% |
| नेदरल्यान्ड | ४२% | २५.५ र २९.६% | २९% वा ३४% |
| युके | ३५% | ३०% | २८% |
| स्विडेन | ५२% | २८% | २६.३०% |
| (निगम पुँजीको नाफामा लगाइएको करको दर) | | | |

यी तथ्याङ्कहरूले स्पष्ट गर्छन् लेनिनले व्याख्या गरेको पुँजीवादको अवस्था त्यही स्थानमा रहेको छैन र त्यसले पछि फर्कन नमिल्ने गरी गुणात्मक रूपले नयाँ चरणमा विकास गरेको छ । तर नेपालका कतिपय मार्क्सवादीहरू, मार्क्सवाद-लेनिनवाद-माओवादको खोल ओढेका काउत्स्कीवादीहरू पुँजीवादको नयाँ चरणमा विकास हुने कुरालाई इन्कार गर्छन् र उनीहरू लेनिनको विश्लेषणभन्दा अघि बढ्ने कुनैसँग पनि अधिकार नभएको धारणा व्यक्त गर्न पुग्छन् । काउत्स्कीले लेनिनका वैज्ञानिक विश्लेषणको प्रतिवाद गर्दै भने, 'साम्राज्यवादलाई अर्थतन्त्रको 'चरण' वा अवस्थाका रूपमा हेर्नु हुँदैन, बरु एउटा नीतिका रूपमा, एउटा निश्चित नीतिका रूपमा जो वित्तीय पुँजीले ' अपनाएको' हुन्छ । साम्राज्यवादलाई अहिलेको पुँजीवादसँग 'बुझ्नु' हुँदैन, साम्राज्यवादलाई 'वर्तमान पुँजीवादको समग्र क्रियाकलाप'--कर्टेल्स, संरक्षण, लगानीकर्ताहरूको प्रभुत्व र उपनिवेशवादी नीति--का रूपमा बुझ्ने हो भने साम्राज्यवाद भनेको पुँजीवादका लागि आवश्यक हो कि होइन भन्ने प्रश्न एउटा 'खुला शब्दाडम्बर' मात्र बन्न पुग्छ किनभने यो विषयमा साम्राज्यवाद पुँजीवादको अत्यन्त आवश्यक विषय हो। साम्राज्यवादी पुँजीले विकास गरेका प्रवृत्तिहरूलाई सबैभन्दा पछिल्लो, सबैभन्दा विकसित र अत्याधुनिक उत्तरसाम्राज्यवाद भन्यौँ।

नेपालका केही रूढिवादग्रस्त समाजवादी बुद्धिजीवीहरूले उत्तरसाम्राज्यवाद भन्ने पदावलीको विरोध गरेका छन् र उनीहरूले काउत्स्कीले जस्तै पुँजीवादको नयाँ चरणमा हुने विकासको विरोध गरेका छन् । यसप्रकारका बुद्धिजीवीहरू जसले आफूलाई मालेमावादी भएको दाबी पनि गर्छन्, तर्क गर्छन्- उत्तरसाम्राज्यवादले साम्राज्यवाद समाप्त भएको निष्कर्ष निकाल्छ र साम्राज्यवादको अस्तित्वलाई इन्कार गर्छ । परिणामस्वरूप उत्तर साम्राज्यवादले साम्राज्यवाद साम्राज्यवादको अगाडि प्रकारान्तरमा आत्मसमर्पण गर्छ र साम्राज्यवाद बिनाको विश्वको कल्पना गर्दछ। यसप्रकारका मानिसहरू जो प्रचण्ड र बाबुरामको धोखाधडीबाट अत्यन्त तिल्मिलाएका छन् जो हरेक विषय र घटनाक्रमहरूलाई विभेदरहित रूपमा एउटै आँखाले हेर्ने नकारात्मक प्रवृत्तिसहितको अराजकतावादी-आलोचनावादको दलदलमा डुबेका छन् र जसले समाजवादलाई अझ माथि उठाउन सम्बन्धित विषयको गम्भीरता र गहिराइलाई समात्न गरिनुपर्ने स्वस्थ प्रकारको आलोचना वा समालोचना गर्ने संस्कारको अन्त्येष्टि गरेका छन् । उनीहरूले पुँजीवादी साम्राज्यवादको भूमण्डलीकृत रूपमा केन्द्रीकृत भएको अर्को स्तरमा अति विकास भएको अहिलेको साम्राज्यवादको चरित्रलाई बुझ्न सक्दैनन्।

साम्राज्यवादलाई बुझ्ने उनीहरूको वैचारिक धरातल पनि काउत्स्कीको वैचारिक धरातलभन्दा माथि हुन सक्दैन जसले यो तर्क गर्छन्- अहिलेको पुँजीलाई उत्तरसाम्राज्यवाद भन्ने हो भने साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको अन्त्य भएको मान्नुपर्छ । यसले लेनिनवादको निषेध गर्छ र लेनिनवादको युगको सम्पूर्ण औचित्य समाप्त हुन्छ। नेपाली अर्थोडक्स मार्क्सवादीका यी तर्कहरू काउत्स्कीका ती तर्कहरूभन्दा कहीँकतै फरक देखिँदैनन्, बरु उनका तर्कसँग एकाकार भएर मिलान हुन पुग्छन् जहाँ साम्राज्यवादको व्याख्या काउत्स्कीले यसरी गरेका थिए, 'साम्राज्यवाद औद्योगिक पुँजीको उन्नत विकासको उपज हो । यो हरेक पुँजीवादी राष्ट्रहरूको अस्तित्त्वरक्षाको सङ्घर्षमा अन्तरनिहित रहेको हुन्छ, ठूलाभन्दा ठूला कृषि भूभागहरू (छड्के काउत्स्कीको) लाई नियन्त्रण वा अधीनस्त गरेको हुन्छ, त्यो इलाकामा जोसुकै राष्ट्रियताको बसोबास भएको किन नहोस्।'

(**बाँकी अर्को अंकमा**)

# केन्द्रीकृत अभिव्यक्ति एकीकृत जनक्रान्ति

**१) प्रारम्भ**

प्रचण्ड-बाबुरामको आत्मसमर्पणवाद, संसदवाद, विसर्जनवादका विरुद्ध किरणको नेतृत्वमा हामीले २०६९ साल असारमा सम्बन्धविच्छेद गर्‍यौँ। किरणको अकर्मण्यतावादका विरुद्ध क. विप्लवको नेतृत्वमा २०७१ मङ्सिर ८ गते फेरि सम्बन्धविच्छेद गर्‍यौँ। एकीकृत जनक्रान्तिको कार्यदिशाद्वारा वैज्ञानिक समाजवाद प्राप्तिको महान् उद्देश्यका लागि हामी अभियानमा छौँ। यतिखेर हाम्रो नेपाल कम्युनिस्ट पार्टी वैकल्पिक शक्तिका रूपमा गतिवान् छ। सही विचारको अभिव्यक्ति वैज्ञानिक कार्यदिशा व्यवहारको कसीले समृद्ध भैरहेको छ। हामी मौलिक क्रान्तिलाई विजयको लक्ष्यमा पुऱ्याउने गति पैदा गरिरहेका छौँ। हामीलाई थाहा छ, कुनै पनि वस्तु गतिशील भयो भने रूपान्तरण हुन्छ र विकसित हुन्छ। हाम्रो गति भनेको फगत डाँडाकाँडा घुम्ने र सहरको रङ्गीविरङ्गी रूपमा लठ्ठिने खालको हुँदैन। बरु जनसम्बन्धका लागि माहुरी बन्ने खालको हुन्छ। जुन वर्गका लागि सचेत क्रान्ति गरिन्छ त्यो वर्ग, राष्ट्र, समुदाय र लैङ्गिक सहभागिताबिना क्रान्ति गर्न खोजियो भने गल्ती हुन जान्छ। एकीकृत जनक्रान्तिको उद्देश्य भनेको श्रमिकमाथिको उत्पीडन, विभेद र राष्ट्रिय पराधीनतालाई अन्त्य गर्नु हो। अर्थात् दलाल पुँजीवादी राज्यसत्ता र नेपाली जनताबीचको अन्तरविरोध हल गर्नु हो। अर्कोतिर राष्ट्रिय स्वाधीनताका लागि विभिन्न साम्राज्यवाद विशेषतः भारतीय साम्राज्यवादी हस्तक्षेपबाट नेपाललाई स्वाधीन बनाउनु हो। यति मात्र कहाँ हो र! यतिखेर विश्वपुँजीवाद भूमण्डलीकृत रूपमा आइरहेको छ। विज्ञान र प्रविधिको विकासले कुनै पनि कदमलाई सीमाले रोक्न नसक्ने तुल्याइदिएको छ। अमेरिकाले हरक्षेत्रमा आफूलाई श्रेष्ठ बनाउने भूमण्डलीकृत सर्वसत्तावादी नीति अख्तियार गरिरहेको छ। त्यसका विरुद्ध रुस, चीनलगायत बहुध्रुव खडा भैरहेका छन्। यतिखेर मुनाफाका लागि विश्व ट्रेड वार चलिरहेको छ। विश्व साम्राज्यवादको उत्पीडनमा परेका राष्ट्र, समुदाय भयावह स्थितिमा पुग्ने हुँदा उनीहरू भरपर्दो विकल्प रोज्न र आफूलाई रक्षा गर्न विवश हुने अवस्था देखिन्छ। प्रतिरोध आन्दोलन नै सबैभन्दा उत्तम हुने भएकाले विश्वप्रतिरोध आन्दोलनको सम्भावना बढेको छ भने नेपाली जनता राज्यसत्ताको जनविरोधी क्रियाकलापले आजित छन्। नेपाली जनताले पनि भरपर्दो विकल्प खोजिरहेका छन्। अत्याचारी दलाल राज्यसत्ताको विकल्प वैज्ञानिक समाजवादका लागि एकीकृत जनक्रान्तिकै चौतर्फी सम्भावना मुखरित भइरहेको यस घडीमा केन्द्रीकरणको सर्वाधिक महत्व र आवश्यकता हुन आएको छ।

**२) के हो केन्द्रीकरण ?**

आदर्शवादी (अध्यात्मवादी) विश्वदृष्टिकोणका विरुद्ध भौतिकवादी विश्वदृष्टिकोणमा स्पष्ट हुनु केन्द्रीकरणको पहिलो सर्त हो। कुनै पनि बहानामा कुनै पनि धर्म र त्यसका सांस्कृतिक स्वरूप, देवीदेवता, भगवान् मान्नु अन्ततः आदर्शवाद नै हो। एउटा असल कम्युनिस्ट द्वैध चरित्रको हुँदैन। हुन्छ भने त्यो अवसरवाद हो। तसर्थ कम्युनिस्टले हरहमेसा द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणलाई अविचलित आत्मसात गर्नु भौतिकवादी केन्द्रीकरण हो। भौतिकवादीहरू अवश्य एक ठाउँमा केन्द्रीकृत हुन पुग्ने हुन्छ। त्यसैगरी राजनीतिक विचारमा केन्द्रीकरण कम्युनिस्टको दोस्रो सर्त हो। संसारका श्रमिक तथा उत्पीडित जनताको मुक्तिका लागि सही विचार आवश्यक हुन्छ। सही विचार भनेको मार्क्सवादको विकासशीलता र गतिशीलता हो। जसले राजनीतिक समस्याको समाधान दिन्छ र मानव जीवन समृद्ध हुन पुग्छ। सही विचारको केन्द्रीकृत अभिव्यक्ति वैज्ञानिक राजनीतिक कार्यदिशा हो। सही विचार, राजनीतिक कार्यदिशा जब कार्यान्वयन हुन थाल्छ, त्यसको वैज्ञानिकताले व्यक्ति वा समुदायलाई आकर्षित गर्छ तब अवश्य केन्द्रीकरण जन्मन्छ। तसर्थ एउटा कर्तव्यनिष्ठ कम्युनिस्ट विचार र राजनीतिक कार्यदिशामा इच्छाशक्ति पोख्नु र परिणाममुखी क्रियाशीलता र कार्यकुशलता प्रदर्शन गर्नु केन्द्रीकरणको उदाहरण हो।

तेस्रो सर्त हो, साङ्गठनिक केन्द्रीकरण। व्यक्ति सङ्गठनमा, तल्ला समिति माथिल्ला समितिमा, कार्यकर्ता तत्सम्बन्धित समितिको नेतृत्वमा विश्वस्त हुनु र चित्त प्रसन्न भई प्रवाहमा हेलिनु केन्द्रीकरणको वैज्ञानिकता हो। तथ्यमा आधारित सत्य मतको

**आधार**

प्रभावकारी जनवादको प्रयोगले केन्द्रीयता जन्माउँछ। आफैँले जन्माएको केन्द्रीयतामा जनवाद केन्द्रीकृत हुनु अनिवार्य हुन्छ। सत्य पनि यही हो र अनुशासन पनि त हो। कतैकतै हिजोको विचलित नेतृत्वको आँखाले आजको विकासशील नेतृत्वलाई हेरेर आफैँ पदविचलित भएको पाइन्छ। त्यो गलत तरिका हो। लक्ष्यको बाधक तरिका पनि हो त्यो। आफूलाई कुनै कुरामा चित्त नबुझेमा तलतल, वरपर ओकल्ने वा थपक्क घर बस्ने, अर्को पार्टीसँग बार्गेनिङ गर्ने तरिकाले पनि केन्द्रीकरणको मर्म पक्रन सक्दैन, बरु विकेन्द्रीकरण र आत्मकेन्द्रित व्यक्तिवादी अराजकतावादलाई सेवा गर्ने अवस्थामा पुग्ने खतरा हुन्छ। कुनै विषय प्रस्ट नभए वा नयाँ छलफलको विषय भए आफ्नो पद्धतिमा मौखिक वा लिखित दर्ज गरी तथ्यमा आधारित छलफल, बहस गरी सत्य निरूपण गर्नु पर्दछ। कहिल्यै र कुनै पनि हालतमा केन्द्रीकरणलाई आफूबाट बाधा नहोस् एउटा असल कम्युनिस्टको कर्तव्य हो। केन्द्रीकरणको चौथो सर्त हो- भावनात्मक एकता। सही विचारमा आधारित भावनात्मक एकता भएन भने केन्द्रीकरण यान्त्रिक हुन जान्छ। भावनात्मक एकताबिनाको औपचारिक वा यान्त्रिक एकताले कहिलेकहीँ ठूलो छिन्नभिन्न हुने अवस्था पैदा गर्ने खतरा हुन्छ। रचनात्मकताबिना भावनात्मक एकता पैदा हुनै सक्दैन। योजनाबद्ध सहकार्य गर्दै जाँदा एकापसी अन्तरसम्बन्ध बढ्दै जान्छ र पारिवारिकताको अनुभूति हुन पुग्छ। सुखदुःखमा एकाकार हुनुले रचनात्मकता पैदा गर्छ वा विचारमा सुस्पष्ट ,लक्ष्यमा दृढ हुँदा रचनात्मकता पैदा हुन्छ। जनयुद्धको गौरवमय इतिहासका वीरगाथालाई फर्केर हेर्‍यौँ भने त्यहाँ फेला पर्छ उत्कृष्ट भावनात्मक एकता। त्याग, तपस्या समर्पणभावले अर्कोलाई आकर्षित गर्छ। एकजना सहयोद्धा रणमैदानमा वीरगति प्राप्त गर्दा अर्को सहयोद्धालाई असीम पीडा हुन जाने, मुटु चोइटिएको महसुस हुने चानचुने रचनात्मकता, भावनात्मकता, पारिवारिकता हो त! अर्को कुरा सामूहिक श्रमले पनि भावनात्मकता पैदा गर्छ। तसर्थ केन्द्रीकरणका लागि सामूहिक अभ्यास व्यक्तिगत उत्तरदायित्वको महत्व अनिवार्य हुन आउँछ। त्यसले भावनात्मक एकतालाई सुदृढ र नवीकरण गर्दै जान्छ। टिम एकतालाई जनभावनात्मक एकतामा जोड्नु र लहर-उभार पैदा गर्नु एकीकृत जनक्रान्तिको सर्वाधिक महत्वपूर्ण पक्ष हो। एउटा व्यक्तिको सोचाइ, क्रियाकलाप अंश हो भने केन्द्रीकरण समग्र हो। तसर्थ अंशको अन्तरसम्बन्ध समग्रसँग जरुर हुन्छ। वास्तविक रूपमा केन्द्रीकरण भनेकै तागत, जोस, जाँगर र आत्मविश्वासको उत्तम उपायमध्येको जीवनशील पक्ष हो। यसले छिद्रहरूलाई अन्त्य गर्दछ। एकलकाटे अवस्थाबाट माथि उठाउँछ। निराशाबाट आशावादमा फड्को मार्न केन्द्रीकरणले पुलकै काम गर्छ। यो निष्ठावान् क्रान्तिकारीहरूको अनुभव पनि हो।

**३) एकीकृत जनक्रान्तिमा कदम चाल्ने तरिका**

नेपाल कम्युनिस्ट पार्टीको आठौँ महाधिवेशनद्वारा पारित राजनीतिक कार्यदिशाले कदम चाल्ने वैज्ञानिक तरिका हामीलाई प्रदान गरेको छ। अझै अघि बढेर महासचिव क. विप्लवले वैज्ञानिक समाजवादनामक किताबमा सविस्तार सार्वजनिक गर्नुभएको छ। यी तरिका १९१७ को लेनिनको नेतृत्वमा सफलता प्राप्त रुसी जनविद्रोह (अक्टोबर क्रान्ति), १९४९ को माओ त्सेतुङको नेतृत्वमा सफलता प्राप्त चिनियाँ दीर्घकालीन जनयुद्धका सार्वभौम पक्षलाई ढङ्गसँग पक्डेर नेपालको मौलिकता र विशेषतामा आधारित विकसित तरिका हुन्। यिनै तरिकालाई यथार्थमा बदल्नु एकीकृत जनक्रान्तिका शुभचिन्तक, समर्थक, सहयोगी र नेता-कार्यकर्ताको केन्द्रीकृत अभिव्यक्तिको मर्म हो। ती तरिका यहाँ उल्लेख गर्नु सन्दर्भिक नै हुनेछ। जस्तो क) गाउँ र सहर दुवैलाई जोड्ने। ख) मध्यम वर्ग र किसान, मजदुर मिलाउने। ग) जनता र जनसेना मिलाउने। घ) वैज्ञानिक प्रविधि र सचेत मानवशक्तिलाई मिलाउने। ङ) वर्ग, राष्ट्र, समुदाय र लैङ्गिक एकता कायम गर्ने। च) देशभक्त र कम्युनिस्टहरूलाई जोड्ने। छ) कम्युनिस्ट पार्टीको नेतृत्वदायी भूमिका। यी तरिका मौलिक पनि हुन्। अझ भनौँ विकसित अवस्थाका क्रान्तिचेत हुन्। नेतृत्व विचार विकासका सुस्पष्ट पहिचान पनि हुन्। यिनै तरिका वा विशेषताअनुसार केन्द्रीकृत अभिव्यक्तिका साथ योजनाबद्ध र परिणाममुखी क्रियाशीलता आजको आवश्यकता हो। यसका लागि उच्चस्तरको र प्रभावकारी जनशैली जनताको अपेक्षा छ। बाघचालझैँ जनसङ्गठनको सञ्जाल तयार पारी दलाल, भ्रष्ट, तस्कर, बलात्कारी हत्यारा, राष्ट्रघाती, जनघाती, सीआईडी, सुराकीलाई जनकारबाही गर्नु एकीकृत जनक्रान्तिको अभीष्ट हो। जनसङ्घर्ष र वर्गसङ्घर्षलाई एकीकृत गरेर चालू वैज्ञानिक समाजवादका प्रारूप रक्षा र विकास गर्नु सच्चा नेपाली र क्रान्तिकारीहरूको दायित्वको विषय हो।

**४) सम्भावना र चुनौती**

आज नेपाली जनता दलाल संसदीय व्यवस्थादेखि आजित भएका छन्। आफ्ना कलकलाउँदा छोराछोरीहरूलाई विदेशका गल्लीगल्लीमा मजदुरीका लागि नुनिला आँसुका ढिक्का चुहाउँदै उडाउन विवश छन्। महँगी बढेर आकाश छुँदैछ। गरिबी र आवश्यकता परिपूर्ति गर्न साह्रै गारो परेका कारण रोजगारीका लागि युवाहरू बिदेसिन बाध्य छन्। दलाल, सामाजिक दलाल सत्ता, सरकारप्रति यतिविधि घृणा र आक्रोश देखिन्छ त्यसको अब लेखाजोखा गरी साध्यै छैन। सेकेन्डभर पनि यो जनविरोधी, भ्रष्टाचारी, तस्कर, काण्डैकाण्डले बदनाम र ज्यानमारा सत्ता चाहिँदैन भन्छन् स्वाभिमानी जनसमुदाय। श्रमजीवी जनता भरपर्दो विकल्पको खोजीमा छन्। गाउँगाउँ, बस्तीबस्ती एकढिक्का भएर थोकमा सङ्गठित भैरहेका छन् नेपाल कम्युनिस्ट पार्टीमा। एकीकृत जनक्रान्तिको लहर दिन दुई गुना रात चौगुना फैलिरहेको छ। एकीकृत जनक्रान्तिमा विजयको सम्भावना नै दृष्टिक्षितिजमा चमचमाइरहेको कुरामा दुईमत छैन जनसमुदायको मन छाम्दा। हाम्रासामु खडा भएका चुनौतीका काला पहाडलाई नियाल्दा फासिवादकै चुनौती मुख्य देखिन्छ। भ्रष्ट र गतिछाडा सरकारले कुनै नयाँ कदम चाल्ला भनी आस गर्नु बेकार हुनेछ। बरु षड्यन्त्रपूर्ण फासिवादी हर्कत गर्ने र तर्साउने खतरालाई वैचारिक, वैज्ञानिक र बलशाली क्रान्तिद्वारा परास्त गर्न उदार भैयो भने नजिक आएको वैज्ञानिक समाजवादको सुन्दर भविष्यमा ग्रहण लाग्ने चुनौती त्यत्तिकै छ। जनचाहना र जनजीविकासम्बन्धी जल्दाबल्दा आवश्यकता परिपूर्तितर्फ कदम चल्ने सकारात्मक चुनौती पनि कर्तव्यनिष्ट कम्युनिस्टका लागि सामना गर्नुपर्ने विषय बनिसकेको छ। अर्को चुनौती भनेको नानाथरीका भातमाराहरूको भ्रमका खेती, विभिन्न धर्मका नाममा उत्तरसाम्राज्यवाददेखि साम्राज्यवादीको घुसपैठ हो। च्याउजस्तै एनजीओ/आईएनजीओका कनिकाछराइ बिकासे नाराले जनतालाई खण्डीकृत गरिरहेका छन्। यिनीहरूका चाल र जाललाई नाकाम पारेर जनताको स्वाभिमानलाई रक्षा गर्न सकिएन भने राष्ट्रिय स्वाधीनता र जनमुक्तिको कदममा पलपल ठेस लाग्ने खतरा छ। बिचौलियाहरूको दलाल पुँजीवादको खेतीले भ्रान्ति मौलाइरहेको छ। यसलाई भन्डाफोर र गोडमेल गर्ने चुनौती पनि त्यत्तिकै छ।

**५) निष्कर्ष**

जनता दलाल र सामाजिक दलाल पुँजीवादी राज्यसत्ताको अत्याचारका कारण असाध्य असन्तुष्ट छन्। चालू राज्यसत्ताको सर्वसत्तावादी र फासिवादी रवैयामा भ्रष्टाचार मौलाइरहेको छ। भ्रष्टाचार र कमिसनका कारण जनजीविका सङ्कटमा परेको छ। विकास निर्माणको हबिगत देख्दा कसको मन खिन्न नहोला र। बलात्कार, हत्याहिंसा, तस्करी, महँगीले जनताको ढाड सेकाएको यस परिवेशलाई एकीकृत जनक्रान्तिबाहेक कुनै तरिकाले समाधान दिन सक्दैन। वैज्ञानिक समाजवादबिना नेपाल र नेपालीको भविष्य समुज्वल हुनै सक्दैन। उत्पादनबिना समृद्धिका सपना पानीका फोकासरह हुने कुरामा दुईमत छैन। बेरोजगारीको महामारीले युवा वर्ग थिल्थिलिएको छ। कस्तुरी बिना खोज्दै भौँतारिएझैँ युवाहरू भविष्यको बिनाको खोजीमा परदेसिन विवश भएको समस्याको समाधान एकीकृत जनक्रान्तिले दिनेपर्छ। वास्तविक अर्थमा कस्तुरीको बिना त स्वयम् युवकयुवतीहरूमै छ। आफ्नै पाखापखेरीमा पौरख पोखे नेपाल संसारकै नमुना अवश्य बनाउन सकिनेछ। यसकारण केन्द्रीकृत अभिव्यक्तिका साथ सचेत हस्तक्षेप बढाऔँ। परिणाम एकीकृत जनक्रान्तिको विजयध्वजा फहराउन कसलाई मन नपर्ला र! वैज्ञानिक समाजवादको अमृतमय स्वादले कुन नेपाली आनन्दित र आशावादी नहोला र! त्यही हो एकीकृत जनक्रान्तिको उद्देश्य। जब वैज्ञानिक समाजवाद हाँसेन्छ तब मानव जातिले मानव जातिलाई शोषण गर्ने परम्परा सदासर्वदा अन्त्य गर्ने साम्यवाद हाम्रै आँगनीमा झलमलाउनेछ।

## ट्रकको ठक्करबाट सुनिताको मृत्यु

**काठमाडौँ** : कैलालीको लम्कीमा वैशाख १७ गते बिहान ना ७ ख ९२३३ नम्बरको ट्रकले ठक्कर दिँदा स्थानीय सुनिता रावलको मृत्यु भएपछि उक्त क्षेत्र तनावग्रस्त भएको छ। मृतकका आफन्त र स्थानीय बासिन्दाले ट्रक तोडफोड गरेपछि स्थिति तनावग्रस्त भएको हो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले लाठी चार्ज गरेको छ। साथै प्रदर्शन उग्र भएर भीड नियन्त्रणमा लिन प्रहरीले अश्रुग्यास प्रहार गरेको थियो।

जिल्ला प्रहरी कार्यालय कैलालीका प्रहरी नायब उपरीक्षक दक्षबहादुर बस्नेतले प्रदर्शन उग्र भएपछि भीड नियन्त्रणमा लिन केही सेल अश्रुग्यास प्रहार गरिएको दाबी गरे। प्रदर्शनका क्रममा स्थानीयले हानेको ढुङ्गा लागेर केही सुरक्षाकर्मी घाइते भएका छन्। उनका अनुसार स्थिति तनावग्रस्त भएपछि लम्कीमा थप सुरक्षाकर्मी परिचालन गरिएको छ।

प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा ६ जना प्रहरी घाइते भएको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ। उनका अनुसार १ जना सर्वसाधारण घाइते भएका छन्। स्थानीय बासिन्दाले ३ राउन्ड हवाइफायर भएको बताए पनि प्रहरीले भने त्यसको पुष्टि गरेको छैन। घाइतेहरूको लम्कीस्थित लालरत्न अस्पतालमा उपचार भइरहेको बताइएको छ।

मृतकका आफन्त र स्थानीयहरूले दोषीलाई कारबाहीको माग गर्दै पूर्वपश्चिम राजमार्ग अवरुद्ध गरेका छन्। राजमार्ग अवरुद्ध भएपछि यातायातका साधन लम्कीमै रोकिएका छन्।

## बलात्कारको अभियोगमा काङ्ग्रेस नेता पक्राउ

**काठमाडौँ** : नेपाली काङ्ग्रेस नुवाकोटका नेता रमेश अर्याललाई बलात्कारको अभियोगमा काठमाडौँबाट पक्राउ गरिएको छ। चैत २२ गते मध्यराती गोंगबुमा डेरा लिएर बस्दै आएकी युवतीको कोठामा ढोका फोडेर प्रवेश गरी बलात्कारको प्रयास गरेपछि युवती र छिमेकीले प्रहरीमा खबर गरेका थिए।

महानगरीय प्रहरी वृत्त महाराजगन्जका प्रहरी निरीक्षक प्रकाश थापाले गोंगबुमा डेरा गरी बस्ने एक युवतीको कोठाबाट अर्याल मध्यराती १२ बजे ढोका फोरेर प्रवेश गरी बलात्कारको प्रयास गरेको सूचनाका आधारमा स्थानीय बासिन्दाको सहयोगमा पक्राउ परेको जानकारी दिएका छन्। 'युवती र अर्यालबीच लामो समयदेखि राम्रो सम्बन्ध थियो। कोठामा बेलाबेला उनीहरू सँगै बस्ने र खाने गर्थे', अर्यालका एकजना साथीले भने, 'उनीहरूबीच कुरा बिग्रिएपछि युवतीले बलात्कारको आरोप लगाएकी छिन्। महिलालाई कानुनले पनि सजिलो बनाइदिएको छ।' युवतीले आफूलाई अर्यालले कुटपिटसमेत गरेको बयान प्रहरीमा दिएकी छिन्।

युवतीको मौखिक जाहेरीका आधारमा प्रहरीले मध्यरातमै अर्याललाई प्रकाउ गरी अनुसन्धान गरिरहेको र अब अदालतमा मुद्दाको सुनुवाइ हुने प्रहरी निरीक्षक थापाले बताए। युवतीले अर्यालसँगै नुवाकोटकै राजु श्रेष्ठका नाममा समेत किटानी जाहेरी दिएकी छिन्।

## अखिल क्रान्तिकारी बुझायो ज्ञापनपत्र

विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीको भ्रातृ सङ्गठन अनेरास्वियु क्रान्तिकारीले विभिन्न मागसहित नवलपरासीका जिल्ला शिक्षा समन्वय अधिकारीलाई ज्ञापनपत्र बुझाएको छ। सङ्गठनका केन्द्रीय सचिवालय सदस्य तथा लुम्बिनी ब्युरो प्रमुख वीरेन्द्र विक, जिल्ला अध्यक्ष शारदा भण्डारी नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो। 'वृद्धि गरेको शुल्क फिर्ता लिनुपर्ने, शिक्षालाई निःशुल्क अनिवार्य बनाउनुको विकल्प नरहेको, नियमविपरीत कार्य गर्ने जोकोहीलाई कारबाही गर्ने' विज्ञप्तिमा जनाइएको छ। विज्ञप्तिमा व्याब्सनले अनावश्यक रूपमा वृद्धि गरेको शुल्क फिर्ता गर्नुपर्ने, संस्थागत तथा मन्टेस्वरीमा लिइएको चर्को शुल्क रोक्नुपर्ने, सरकारी शिक्षकलाई जस्तै निजी क्षेत्रका शिक्षकलाई पनि सम्मान गर्नुपर्ने, विद्यार्थीलाई समयमा पाठ्यपुस्तक उपलब्ध गराउनुपर्नेलगायत विभिन्न माग राखेर ज्ञापनपत्र बुझाइएको अखिल क्रान्तिकारीका जिल्ला अध्यक्ष शारदा भण्डारीले बताएका छन्।

## मकवानपुर इन्चार्ज ज्वाला रिहा भएलगत्तै गिरफ्तार

जिल्ला अदालत मकवानपुरबाट रिहा भएका नेपाल कम्युनिस्ट पार्टी मकवानपुरका इन्चार्ज वीरबहादुर घलान 'ज्वाला' लाई प्रहरीले रिहा गरेलगत्तै पुनः पक्राउ गरेको छ। उनलाई रिहा भएलगत्तै प्रहरीले जिल्ला अदालत मकवानपुरको गेटबाटै पुनः पक्राउ गरेको हो। ज्वालालाई अदालतले गत वैशाख २ गते धरौटीमा छाड्न आदेश दिएको थियो। तर ज्वालाले त्यस समयमा धरौटी र जरिबाना तिर्न अस्वीकार गरेपछि भीमफेदी जेल चलान गरिएको थियो। जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी निरीक्षक सागरविक्रम राणाले ज्वालाले तोकिएको धरौटी र जरिबाना तिरेकाले रिहा गरिएको भए पनि पुनः अर्को मुद्दा भएकाले पक्राउ गरिएको बताए।

## रोल्पाको लिबाङमा शक्तिशाली बम बिस्फोट

**रोल्पा** : वैशाख १६ गते रोल्पाको सदरमुकाम लिबाङनजिकै शक्तिशाली बम विस्फोट भएको समाचार प्राप्त भएको छ। नेपाल कम्युनिस्ट पार्टीका रोल्पा नगर इन्चार्ज विश्लेषणले रोल्पामा भइरहेको दलाल सरकारको कार्यक्रमलाई लक्षित गरी बम बिस्फोट गराइएको बताएका छन्। दलाल सरकारद्वारा नेकपामाथि लगाइएको प्रतिबन्धका विरुद्ध सरकारका प्रतिनिधिहरूलाई प्रतिबन्ध लगाउने नीतिअनुरूप उक्त विस्फोट गराइएको बताइएको छ।

यो विस्फोट दलाल सरकारको चेतावनीस्वरूप गराइएकोसमेत इन्चार्ज विश्लेषणले बताएका छन्। सरकारी नेकपाका जिल्लास्तरीय नेताहरूलाई प्रशिक्षणका लागि वैशाख १६ गते ५ नम्बर प्रदेशका मुख्यमन्त्री इश्वर पोखेल लिबाङ गएका थिए।

## एसीसी यू-१६ क्रिकेटको उपाधि नेपाललाई


**काठमाडौँ** : एसीसी यू-१६ पूर्वी क्षेत्रीय क्रिकेट प्रतियोगिताको उपाधि नेपालले जितेको छ। डिफेन्डिङ च्याम्पियन रहेको नेपालले मलेसियालाई फाइनलमा ५९ रनले पराजित गर्दै उपाधि जितेको छ।

थाइल्यान्डमा भएको फाइनल खेलमा १४१ रनको लक्ष्य पछ्याउँदै ब्याटिङ गरेको मलेसियाले ३४.५ ओभरमा सबै विकेटको क्षतिमा ८१ रन मात्रै बनाउन सकेपछि नेपालले सहज जित हात पारेको थियो। मलेसियाका तीन खेलाडीबाहेक अन्य खेलाडीले दोहोरो अङ्क बनाउन सकेनन्। मोहम्मद हजिक ऐमानले १८ र वान मोहम्मद अजामले १६ रन बनाएका थिए भने जिनेन्द्र मुरलीले १४ रन बनाए।

२१.५ ओभरमा सातौँ विकेट गुमाएको मलेसियाले आठौँ विकेटका लागि मोहम्मद हजिक ऐमान र जिनेन्द्र मुरलीले पारी समालेका थिए। ऐमान र मुरलीले २८ रनको साझेदारी गर्दै मलेसियालाई उकास्ने कोसिस गरेका थिए तर हजिक ऐमान आउट भएसँगै मलेसिया थप दबाबमा देखिएको थियो। मलेसियालाई सस्तैमा समेट्ने क्रममा नेपालका दीपक बोहरा र विशालकुमार पटेल चम्किए भने विशालले चार विकेट लिँदा दीपकले तीन विकेट लिएका थिए।

यसअघि टस जितेर पहिले ब्याटिङ गरेको नेपालले ३५ ओभरमा ९ विकेट गुमाएर १४० रन बनाएको थियो। नेपालका लागि प्रशान्त महतले सर्वाधिक ४० रन बनाए भने दीपक बोहराले २३, विशालविक्रम केसीले १७ र निखिलकुमार सिंहले १३ रन बनाएका थिए।

# बीआरआई भर्सेस इन्डोप्यासिफिक ब्याटल फिल्ड नेपाल


गुणराज लोहनी

**विषय प्रवेश**

संसदीय पार्टीहरू त्यसमा पनि सरकार सञ्चालक दलहरूले नेपालमा स्थायित्व भएकाले अब देशलाई विकास र समृद्धिको बाटोमा लाग्ने बेला आएको भनिराखेका छन् । तामझामका साथ गत चैत १५ र १६ गते काठमाडौँमा दोस्रो दाता राष्ट्रहरूको लगानी सम्मेलन भएको छ । उक्त सम्मेलन हल्ला गरेको जस्तो नभएको र उक्त सम्मेलनको उद्देश्य पनि स्पष्ट नभएको भनिराखिएको छ । १९ डिसेम्बर २०१८ मा नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र अमेरिकी राज्यसचिव माइक पोम्पेओका बीचमा भेट भएर १७ वर्षपछि भएको भनिएको औपचारिक यो भ्रमणले दुई देशबीचको सम्बन्ध सुधार भएको मात्र नभएर नेपाल-अमेरिकाको सम्बन्धमा निकै प्रगति भएको भनिएको थियो । त्यही भेटघाटसँगै अमेरिकाले नेपालको भूराजनीतिक अवस्थितिको फाइदा उठाएर उसको दक्षिणपूर्वी एसियामा पकड जमाउनका लागि ल्याएको हिन्द–प्रशान्त (इन्डो–प्यासिफिक) रणनीति लागू गर्ने थलोका रूपमा प्रयोग गर्न सफल पनि भएको छ ।

ठीक यसैगरी २०१३ देखि औपचारिक रूपमा विश्वमा व्यापार र सडक सञ्जालबाट नयाँ साम्राज्य फैलाउने रणनीति लिएको चीनको क्षेत्र–सडक पहल (बेल्ट रोड इनिसिएटिभ) मा मे १२, २०१७ मा सम्झौतापत्रमा नेपालका तर्फबाट शङ्करदास बैरागी र चीनका तर्फबाट नेपालका लागि चिनियाँ राजदूत यू होङले हस्ताक्षर गरेका थिए । यसरी नेपालले यसअघि नै सहमति जनाएको भए पनि २६ अप्रिल २०१९ मा सुरु भएको बेल्ट रोड अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागी हुन गत बुधबारदेखि चीनको औपचारिक भ्रमणका क्रममा रहेकी राष्ट्रपति विद्यादेवी भण्डारीले उक्त हस्ताक्षरलाई वैधता दिएकी छिन् । यी दुई अति शक्तिशाली देशहरूले यसरी योजनाबद्ध र रणनीतिक रूपमा ल्याएका यी दुई योजनाको कार्यान्वयन गर्न नेपाललाई उपयोग गरेका छन् । यी दुई राष्ट्रका बीचमा बढ्दै गएको असमझदारी र तीव्र हुँदै गएको बहुध्रुवीय शक्ति सन्तुलनका कारण विस्फोटक बन्दै गएको विश्वमा नेपालमा यिनीहरूको आँखा पर्नु र यसलाई जसरी पनि उपयोग गर्ने उद्देश्यले नेपाल रणभूमिमा परिणत हुँदैन भन्न सकिँदैन ।

**के हो क्षेत्र सडक पहल ?**

'एक क्षेत्र, एक सडक' पहल भनेको जनगणतन्त्र चीनको अन्तर्राष्ट्रिय नीति र आर्थिक रणनीति हो । यो पदावली 'आर्थिक रेसममार्ग क्षेत्र' र 'एक्काइसौँ शताब्दीको सामुद्रिक रेसम मार्ग' बाट लिइएको : चिनियाँ राष्ट्रपति सी जिङपिङद्वारा ल्याइएको २०१३ को विकासको सहयोगी नीति हो ।

यसको रणनीतिक उद्देश्य भनेको सडक पुगेका यस क्षेत्रमा रहेका देशहरूको आर्थिक समृद्धिमा सहयोग गर्ने, यहाँका विभिन्न सभ्यताहरूको आपसी साटासाट गरी विकास र शान्तिलाई प्रोत्साहित गर्ने रहेको छ । सीले उक्त कार्यक्रम २०१३ को सेप्टेम्बरमा बीआरआईको उद्घोष गरिसकेपछि अमेरिका सबैभन्दा बढी प्रभावित हुन पुगेको छ । यसबाट विकसित भनिएका अन्य देशहरू पनि नभएका होइनन् । पछिल्लोक्रममा तीव्र रूपमा आर्थिक विकास गरेको र विज्ञान र प्रविधिमा चामत्कारिक विकास गरेको चीनले यो नीति लिएपछि त्यसमा पनि झन् चिनियाँ कम्युनिस्ट पार्टीको १८ देखि २४ अक्टोबर २०१७ मा भएको १९ औँ महाधिवेशनले सी जिङपिङका नाममा 'नयाँ युगको विशेषतासहितको सी जिङपिङ विचारको समाजवाद' लाई पार्टीको मार्गनिर्देशक सिद्धान्त भनिएपछि अमेरिका निकै नै तरङ्गित भएको स्पष्ट नै बुझ्न सकिन्छ । सी जिङपिङ विचारलाई पार्टीको विधानमा नै राखेर चिनियाँ कम्युनिस्ट पार्टीले माओ बराबरको हैसियत दिएको पश्चिमा सञ्चारमाध्यमहरूले खुबै प्रचार गरिराखेका छन् । सी माओतिर फर्किएको पनि भनिराखेका छन् । माओको हैसियत दिइएका सीले यो बीआरआई लागू गरेका कारण अमेरिकाले नयाँ रणनीति बनाएर नेपाल पस्ने नीति अघि सारेको सहजै बुझ्न सकिन्छ । त्यसैले उसले इन्डो–प्यासिफिक रणनीति ल्याएको हो ।

**के हो इन्डो–प्यासिफिक रणनीति**

२०१३ मा संयुक्त राज्य अमेरिकाका राज्यसचिव जोन केरीले हिन्द–प्रशान्त क्षेत्रको आर्थिक क्षेत्रको समृद्धिमा रूपान्तरण गर्नका लागि भनेर ल्याएको अवधारणा हो । यसलाई अमेरिकाले नवउदाउँदो एसिया क्षेत्रमा अमेरिकाको बढ्दो सहभागिताका लागि ल्याइएको थियो । चिनियाँ अध्येताहरूले चीनको पछिल्लो उदयले वासिङ्गटनलाई हिन्द–प्रशान्त क्षेत्रमा उसका पक्षमा रहेको शक्तिशाली गठबन्धनका लागि लगानी गर्नुपर्ने, चीनका विरुद्ध हिन्द–प्रशान्त क्षेत्रको रणनीतिक सुरक्षा नीति आवश्यक परेको महसुस गरी यो रणनीति आएको विश्वास गरेका छन् । अर्कोतिर, धेरै अध्येताहरूले पनि ट्रम्पको हिन्द–प्रशान्त रणनीति वास्तवमा ओबामाको 'पुनर्सन्तुलन' को विकसित रूप मात्र भएको बताएका छन् । 'हिन्द–प्रशान्त रणनीति' ले चिनियाँ क्षेत्रीय आर्थिक वृद्धि र राजनीतिमा पारेको प्रभावलाई प्रतिसन्तुलन गर्ने चाहनामा रहेर यहाँको आङ्किक आर्थिक, पूर्वाधार र ऊर्जाको विकासमा केन्द्रित रहेको छ । ओबामा प्रशासनले अपनाएको लय भनेको 'रणनीतिक आधार' भन्दा पनि सामान्यतः व्यक्तिगत लगानीको अर्थतन्त्र र विकास हो । त्यसै लयलाई अहिले ट्रम्पले झन् परिमार्जित गरी नेपालमा टेकेर यस क्षेत्रलाई नियन्त्रण गर्ने रणनीति विकास गरेको छ ।

> *२०१३ मा संयुक्त राज्य अमेरिकाका राज्यसचिव जोन केरीले हिन्द–प्रशान्त क्षेत्रको आर्थिक क्षेत्रको समृद्धिमा रूपान्तरण गर्नका लागि भनेर ल्याएको अवधारणा हो । यसलाई अमेरिकाले नवउदाउँदो एसिया क्षेत्रमा अमेरिकाको बढ्दो सहभागिताका लागि ल्याइएको थियो ।*

**दुई रणनीतिसँगका सङ्केत**

अमेरिका र चीनद्वारा सञ्चालित यी दुई रणनीतिहरूले हिन्द–प्रशान्त क्षेत्रमा निकै प्रभाव पारेका छन् । अमेरिकाका तत्कालीन राष्ट्रपति बाराक ओबामाको हिन्द–प्रशान्त रणनीति र चिनियाँ राष्ट्रपति सी जिङपिङको क्षेत्रीय सडक पहल एकै समयमा सुरु भएका थिए । यी दुई रणनीति एकअर्काका विरुद्ध सिर्जना गरिएका हुन् । अमेरिका समर्थक देशहरूले हिन्द–प्रशान्त रणनीतिलाई आत्मसात गरेका छन् । त्यसैगरी क्षेत्रीय सडक रणनीतिलाई समर्थन गर्ने झनै धेरै छन् ।

गणतन्त्रको स्थापनापछि नेपालका तर्फबाट राष्ट्रप्रमुखका हैसियतले पहिलोपटक राजकीय भ्रमण यसपटक भएको छ । यति मात्र होइन, राष्ट्रपति बीआरआईको दोस्रो अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागीसमेत हुन पुगिन् । यही समय पारेर २०७२ सालमा केपी वली प्रधानमन्त्री हुँदा भएको यातायात र पारवहन सन्धिमा सहमति भएको भए पनि दोस्रोपटक प्रधानमन्त्री भई चीन भ्रमणमा जाँदासमेत हुन नसकेको उक्त सन्धिमा यसपालिको राष्ट्रपतिको उपस्थितिमा हस्ताक्षर भएको छ । साथै यो भ्रमणका क्रममा चीनले १७ अर्ब अनुदान पनि दिएको छ । यसको मुख्य कारण भनेको नै जसरी भए पनि चीन बीआरआईको नेपाल भरपर्दो हस्ताक्षरकर्ता हुनु हो ।

ठीक यसैगरी हिन्द–प्रशान्त रणनीतिको प्रभाव पनि निकै बढेर गएको सहजै बुझ्न सकिन्छ । अमेरिकाले प्रदीप ज्ञवालीलाई देशमा १७ वर्षपछि महत्वका साथ बोलायो । त्यहाँ अमेरिकी राज्यसचिव माइकेल आर पोम्पेओसँग भेट भयो । त्यसक्रममा मुख्य रूपमा हिन्द–प्रशान्त रणनीतिमा बढी कुराकानी र त्यसमा नेपालको भूमिकाका बारेमा कुरा भएका थिए । अमेरिकी पदाधिकारीहरूले नेपाल हिन्द–प्रशान्त रणनीति जस्तो महत्वाकाङ्क्षी योजना, ट्रम्प प्रशासनको नयाँ रणनीतिक पहल जुन पान–एसिया क्षेत्रको विकासमा केन्द्रित भनिएको सीमा नाघ्ने भएकाले नेपाललाई ठूलो अवसर हो भनी फकाइएको देखिन्छ । यो कुरा प्रदीप ज्ञवालीको अमेरिका भ्रमणको समय पारेर बाहिर ल्याइएको थियो । त्यसक्रममा जारी गरिएको विज्ञप्तिमा हिन्द–प्रशान्तलाई एउटा स्वतन्त्र, खुला र समृद्धिका लागि नेपालको 'केन्द्रीय भूमिका' रहने कुरा सहप्रवक्ता रोबर्ट पालाडिनले भनेका थिए ।

यो भनाइ र त्यसलगत्तै अमेरिकाले हिन्द–प्रशान्त रणनीतिका लागि भनेर ५६ अर्ब नेपाललाई दिने घोषणा गरेको थियो । अमेरिकाले नेपालको विकास र निर्माणका लागि सर्तहरू तेर्स्याउने गरेको छ । पछिल्लो क्रममा अमेरिकी सैनिक र नेपाली सेनका बीचमा पनि विभिन्न संयुक्त तालिमहरू चलिराखेका छन् । भनिएको छ- अमेरिकाको २ वटा सैन्य बटालियन नेपालमा विभिन्न रूपमा रहँदै आएको छ । केही समयअघि नेपाली सञ्चारमाध्यममा अमेरिकी सेनाका उच्च पदाधिकारी सैन्य पोसाकमा देखिएका थिए ।

**क्षेत्रीय सडक पहल र हिन्द–प्रशान्त रणनीतिको प्रभाव**

अहिलेसम्मको अध्ययनले क्षेत्रीय सडक पहल चीनले आर्थिक समृद्धि, समानता र विश्व शान्तिको नारा दिएर आफ्नो प्रभाव विश्वभरि फैलाउने र केही समयमा नै विश्वको सबैभन्दा धनी र शक्तिशाली राष्ट्र बन्न खोजेको सहजै बुझ्न सकिन्छ । उसको आँखा पछिल्लो क्रममा दक्षिणएसिया, त्यसमा पनि ठूलो जनसङ्ख्या भएको भारतमा व्यापार बढाउने आकाङ्क्षा राखेको बुझ्न सकिन्छ । साथै यस क्षेत्रको प्राकृतिक साधन-स्रोत हात लगाउन अघि बढेको देखिन्छ । अमेरिकाले चीनको यो रणनीतिलाई बुझेर हिन्द–प्रशान्त रणनीति त्यसका विरुद्धमा ल्याएको सहजै बुझ्न सकिन्छ । यसअघि अमेरिकाले नेपाललाई भारतीय आँखाले हेर्ने गरेको भनिन्थ्यो । तर अहिले आएर आफ्नै आँखाले हेर्ने गरेको भन्दै आएको छ । यसअघि अमेरिकाले नेपाललाई चीनको 'स्वतन्त्र तिब्बत' का पक्षमा प्रयोग गर्न खोजेको थियो । त्यसका लागि भारतमार्फत नै उसलाई सजिलो भएको थियो । तर अहिले चीनको नयाँ रणनीतिलाई पार गर्नका लागि भारतको आँखाले हेरेर नपुग्ने भयो । त्यसैले उसले नेपाललाई हेर्ने पद्धति परिमार्जन गरेको हो ।

अमेरिकाको पछिल्लो प्राथमिकतामा परेको रणनीतिक कुरा भनेको त्यही क्षेत्रीय सडक पहल हो । यो अति महत्वाकाङ्क्षी योजनालाई जसरी पनि अमेरिका असफल पार्न चाहन्छ । त्यसमा पनि पछिल्लो क्रममा नेपालमा चीनले बढाएको लगानी, विकास निर्माणका योजना र सोमबार मात्र भएको यातायात तथा पारवहन सन्धिमा भएको हस्ताक्षर अमेरिका र भारतका लागि त्यसैको फलस्वरूप प्रदीप ज्ञवालीको अमेरिका भ्रमण, त्यहाँ भएको समझदारी, हिन्द–प्रशान्त रणनीति, त्यसमा नेपालको केन्द्रीय भूमिका रहने कुरा र अमेरिकी सरकारले सैन्य क्षेत्रमा बढाएको लगानी र चासोले अमेरिकाले नेपाललाई चीनविरुद्धको रणभूमि बनाउन खोजेको पुस्टि हुन्छ ।

चीनले क्षेत्रीय सडक पहललाई जसरी अगाडि बढाइरहेको छ, दक्षिणएसियामा त्यो सफल हुनका लागि नेपाल अति महत्वपूर्ण भूभाग हो । त्यसमा पनि भारतसँग व्यापार गर्न नेपाल मात्र छोटो, सजिलो, सुगम र रणनीतिक भूभाग हो । त्यसैले पछिल्लो क्रममा चीन र भारतका बीचमा केही सहमतिहरू पनि भएका छन् । फेरि चुनावबाट नरेन्द्र मोदी भारतका स्पष्ट बहुमतसहितका प्रधानमन्त्री हुन पुगे भने उनीहरूका बीचमा रणनीतिक महत्वको कुनै सहमति वा सम्झौता भयो भने अन्यथा नमाने हुन्छ । यस्तो अवस्थामा अमेरिका झनै सशङ्कित हुन पुग्छ । अमेरिकामा पनि राष्ट्रपति चुनाव हुँदैछ । त्यसले खासै फरक नपारे पनि पुनः ट्रम्प निर्वाचित भए भने यो क्षेत्रमा युद्ध नभड्किएला भन्न सकिँदैन । यस्तो अवस्थामा नेपाल शक्तिराष्ट्रहरूको रणमैदानमा परिणत हुँदैन भन्न सकिँदैन । यस्तो अवस्थामा नेपालका देशभक्त, जनवादी र प्रगतिशील शक्तिले के गर्ने भन्ने अहिले नै सोच्नुपर्दछ । यस अवस्थामा सही तरिकाले सोचेर अहिलेदेखि नै अभियानमा लागियो भने क्रान्तिको नयाँ तरिकाले ढोका खोल्न पनि सकिन्छ । अन्यथा साँढेको जुधाइमा पर्न बेर लाग्दैन ।

## पाँचबर्से बालकसहित नेत्री गिरफ्तार ! रिहा नगरे कडा सङ्घर्ष गर्ने नेकपाको चेतावनी




**रूपन्देही** : यही वैशाख १० गते राति ५ बर्से छोरासहित गिरफ्तार भएकी नेकपा रूपन्देहीकी जिल्ला नेता कल्पना सुवेदीलाई तत्काल रिहा गर्न माग गर्दै नेपाल कम्युनिस्ट पार्टी रूपन्देही विज्ञप्ति सार्वजनिक गरेको छ । जिल्ला सेक्रेटरी अमर आरसीद्वारा हस्ताक्षरित विज्ञप्तिमा 'क्रूर शासकले अपराधीलाई जस्तै व्यवहार गरी एउटा बच्चासँगकी आमालाई मध्यरातमा प्रहरीले गिरफ्तार गर्ने जुन हर्कत गरेको छ, यसले कथित कम्युनिस्ट नामको सरकारको चरित्र उदाङ्गो पारेको छ' भन्दै 'बिनाकसुर राजनीतिक आस्था र विचारकै कारण आफ्नो ५ बर्से छोरासहित गिरफ्तारीमा पर्नुभएकी पार्टीकी जिल्ला नेता कल्पना सुवेदीको तत्काल रिहाइको माग गर्दछौँ । साथै यस्तो गम्भीर मानवअधिकार उल्लङ्घनको घटनाप्रति मानवअधिकारवादी, इन्सेक, पत्रकार तथा सबै सरोकारवालाहरूको ध्यानाकर्षण गर्न चाहन्छौँ', विज्ञप्तिमा भनिएको छ ।

आफ्नो पार्टीका नेता तथा शुभचिन्तकलाई लामो समयदेखि गैरन्यायिक हिरासतमा राखेको भन्दै सबैलाई तत्काल नछोडे कडा सङ्घर्षमा जाने चेतावनीसमेत विज्ञप्तिमार्फत दिएको छ ।

## विमलको घरमा टाँसियो ३० दिने पक्राउ पुर्जी : प्रशासन प्रमुखलाई ३० दिनभित्रै जनसरकारमा हाजिर हुन आदेश

■ **सर्गम श्रेष्ठ 'सुमन'**

**इलाम** : फाकफोकथुम गाउँपालिका घर भएका विमल बस्नेतलाई नेपाल कम्युनिस्ट पार्टीमा आबद्ध भएकै आधारमा प्रशासनले ३० दिने पक्राउ पुर्जी टाँस गरिएको छ । इलाम जिल्ला प्रशासन कार्यालयले शान्ति खल्बल्याएको भन्दै उक्त पुर्जी टाँस गरेको हो ।

इलाम जनपरिषद्‌ले उक्त घटनाप्रति खेद प्रकट गरेको छ । इलाम जिल्ला जनसरकार प्रमुख नवराज तामाङले यसको प्रत्युत्तर दिँदै भनेका छन्, 'सरकारी पक्षबाट यस्ता गल्ती नरोकिए हामी कडा प्रतिवाद गर्ने जानकारी गराउन चाहन्छौँ । इलाम जिल्ला प्रशासनका प्रमुखलाई जनतामा आतङ्क फैलाएको कसुरमा ३० दिनभित्र जिल्ला जनसरकारको कार्यालयमा हाजिर हुन अनुरोध गरिन्छ । हाजिर नभएमा नियमअनुसार कारबाही अगाडि बढाइने जानकारी गराइन्छ ।'

एनले भनेका छन्, 'अहिले हामीलाई प्रतिबन्ध लगाएपछि इलाम जनसरकारले आफ्ना सबैखाले गतिविधि क्रियाशील गराउँदै दलाल, तस्कर, फटाहा, बलात्कारी सबैलाई जनसरकारले कारबाही गर्ने चेतावनी उनले दिएका छन् ।

## काठमाडौँमा दुईपटक भूकम्पको धक्का

**काठमाडौँ** : भूकम्प मापन केन्द्रका अनुसार गत बुधबार बिहान ६ बजेर २९ मिनेटमा ५.२ रेक्टरको भूकम्प गएको छ । त्यसको ११ मिनेटपछि ४.३ रेक्टर स्केलको अर्को परकम्प गएको छ । धादिङको नौबिसे केन्द्रबिन्दु भएर ५ दशमलव २ रेक्टर स्केलको भूकम्प गएको छ ।

भूकम्पले काठमाडौँ आसपासमा समेत धक्का महसुस भएको थियो । परकम्पको त्रासले काठमाडौँका बासिन्दा घरबाहिर निस्केका थिए । वैशाख १२ गते गोरखाको बारपाक केन्द्रबिन्दु भएर भूकम्प गएको ४ वर्ष पूरा हुन लाग्दा यो अहिलेसम्मकै ठूलो परकम्प गएको हो । भूकम्प मापन केन्द्रले भने यी दुवै परकम्प नै भएको बताएको छ ।

## प्राधिकरणका इन्जिनियरहरूले दिए सामूहिक राजीनामा

**काठमाडौँ** : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका इन्जिनियरहरूले वैशाख १२ गते सामूहिक राजीनामा दिएका छन् ।

भूकम्पपछिको पुनर्निर्माणमा जुटेका इन्जिनियरहरूले भत्तालगायत सेवासुविधा उपलब्ध गराउनुपर्ने आफूहरूको माग सरकारले सुनुवाइ नगरेको भन्दै सामूहिक राजीनामा दिएको घोषणा गरेका छन् ।

४ वर्षअघि विनाशकारी भूकम्प गएको स्मृतिमा बिहीबार देशभर विभिन्न कार्यक्रम भइरहँदा पुनर्निर्माणमा जुटेका इन्जिनियरहरूले भने सरकारले आफूहरूको माग सुनुवाइ नगरेको भन्दै काठमाडौँमा पत्रकारसम्मेलन गरी सामूहिक राजीनामा दिएका हुन् ।

भत्तालगायत सेवासुविधा उपलब्ध गराउन माग राखेको ९ महिनासम्म पनि सरकारले सुनुवाइ नगरेपछि ३२ जिल्लामा पुनर्निर्माणमा जुटेका इन्जिनियरहरू सामूहिक राजीनामा दिन बाध्य हुनुपरेको जानकारी राष्ट्रिय पुनर्निर्माण प्राधिकरण प्राविधिक राष्ट्रिय हकहित संरक्षण समितिका अध्यक्ष अविनाश अमरले दिए ।

प्राधिकरणका इन्जिनियरहरूले ९ महिनायता कटौती गरिएको भत्तालगायत सेवासुविधा उपलब्ध गराउन सरकारसँग माग राखी आन्दोलन गर्दै आएका थिए । तर सुनुवाइ नभएपछि बाध्य भएर राजीनामा दिनुपरेको समितिका अध्यक्ष अमरको भनाइ छ ।

आफूहरूको माग सरकारले सम्बोधन गरे काममा पुनः फर्कने प्रतिबद्धता पनि उनले जनाएका छन् । भत्तालगायत सेवासुविधा उपलब्ध गराउन माग गर्दै पुनर्निर्माणमा खटिएका १ हजार ५ सय इन्जिनियरले गत फागुन २५ गतेबाट आन्दोलन सुरु गरेका थिए ।

## नेकपाका सेती ब्युरो सचिवसहित ३ जना गिरफ्तार

**कैलाली** : नेकपाका ब्युरो सदस्य तथा सेती ब्युरो सचिव डबल शाहलाई धनगढी उपमहानगरपालिका एलेनचोकबाट वैशाख १३ गते बिनाकारण केपी-बादल गृह प्रशासनले गिरफ्तार गरेको छ ।

यसैगरी कैलालीको टीकापुर नगरपालिकाबाट नगर इन्चार्ज धर्ती र सेक्रेटरी पूर्ण खड्कालाई पनि प्रहरीले गिरफ्तार गरेको छ । कैलाली जिल्ला सेक्रेटरी प्रकाश मल्लले आफ्ना नेता तथा कार्यकर्तालाई बिनाकारण गिरफ्तार गरेकोप्रति घोर आपत्ति जनाएका छन् र तुरुन्त रिहाइको मागसमेत गरेका छन् । रिहाइ नगरे सरकारविरुद्ध कडाभन्दा कडा सङ्घर्षमा उत्रने चेतावनी मल्लले दिएका छन् ।

## सन्धिखर्कबाट नेकपाका २ नेता गिरफ्तार

**काठमाडौँ** : नेपाल कम्युनिस्ट पार्टीका दुई नेता अर्घाखाँचीको सन्धिखर्कबाट गिरफ्तार भएका छन् । भलामीका मालारानीका इन्चार्ज बालकृष्ण भलामी र जिल्ला सदस्य शङ्कर शाहीलाई वैशाख १५ गते प्रहरीले गिरफ्तार गरेको हो ।

मालारानी गाउँपालिका वडा नं. ६ साकिनधारा घर भएका बालकृष्ण भलामी र भूमिकास्थान नगरपालिका वडा नं. ३ धारापानीका शङ्कर शाहीलाई प्रहरीले गिरफ्तार गरेको हो ।

रातो खबर साप्ताहिक

सन्दर्भ : १३० औँ मई दिवस

# श्रमिक मुक्तिको प्रस्तावना र मजदुरमाथिको प्रतिबन्ध



सरोज न्यौपाने

गत फागुन २८ यता नेपाल कम्युनिस्ट पार्टीमाथि सरकारले प्रतिबन्ध लगाएपछि समय धेरै बितिसकेको छ। नेपाली श्रमिक जनता जनकार छन् यस खालको प्रतिबन्धसँगै सरकारको छवि जनताको अगाडि नराम्ररी उदाङ्गिएको छ। सामाजिक दलाल पुँजीवाद, घटनाक्रमअनुसार उत्पीडित श्रमजीवी वर्गको हितविरुद्ध प्रस्तुत हुन पुगेको यस घटनाबाट अझ स्पष्ट हुन्छ।

एउटा राजनीतिक पार्टी र उसका गतिविधिमाथिको प्रतिबन्धको विषय एक अलोकतान्त्रिक गतिविधिका रूपमा मात्र चर्चा भए पनि विश्वस्तरमा चासो र चिन्ताको विषय बनेको घटना सहो । श्रमिकहरूलाई पूर्ण रूपले मुक्त गर्न वैज्ञानिक समाजवाद स्थापना गर्न तथा स्वाधीन, शान्त, समानता, आधारित, न्यायपूर्ण र समृद्ध समाज स्थापना गर्न यतिबेला श्रमजीवी जनतालाई नेकपाले दिएको आश्वासन र बदलिँदो घटना क्रमसँगै । जेहोस् परिस्थिति त्यसरी बन्न पुगेको छ भने अर्को महत्वपूर्ण पक्ष नेपाली मुक्तिकामी जनता, श्रमिक वर्ग यो र त्यो मानेमा फासिवादी हर्कत र उसका रबैयाबाट शोषित, पीडित र प्रतिबन्धित बनेका छन्।

दैनिक कामको घन्टा कम गर्ने, विशेषगरी ८ घन्टा काम दिन कायम गर्ने र शोषण, मानवीय दमनविहीन समाजवादी संसारप्रति परिलक्षित सन् १८०६ यताका अमेरिकी मजदुरहरूले युरोप हुँदै विश्वभरि नै सङ्घर्षको महत्व र औचित्य उजागर गरेका थिए। लगभग १३० वर्षअघि अमेरिकाको सिकागो सहरका मजदुरहरू त्यसरी नै दैनिक कामको घन्टा कम गर्न सशक्त वन्दै आन्दोलनमा उत्रँदा मई दिवस अर्थात अन्तर्राष्ट्रिय श्रमिक दिवस थप ऐतिहासिक महत्वको बन्न पुगेको देखिन्छ। औद्योगिकीकरणका सुरुआती दिनहरूमा मानिसलाई बलपूर्वक २१–२२ घन्टासम्म काममा लगाउने पुँजीवादी बर्बर दासताविरुद्ध मजदुरले मुठी उठाएको न्यायपूर्ण आन्दोलन आज पनि कम महत्वको भने मानिन्न। विश्वभर आजको दिन ठीक त्यसरी नै श्रमिकहरूका बीचमा मुक्तिका निमित विभिन्न प्रस्तावना तय गरिन्छ, प्रतिबद्धता कायम गरिन्छ र यसमाथि नयाँ नवीकरण गरिन्छ, मई दिवस मनाइन्छ।

निकै ठूलो रक्तपात र बलिदानीले अन्ततः मे १ लाई अन्तर्राष्ट्रिय श्रमिक दिवसका रूपमा स्थापित गरिछाड्यो भने यस ऐतिहासिक पक्षको गर्तमा लुकेको रोचक प्रसङ्ग, दैनिक कामको घन्टा कम गर्ने एवम् दैनिक रूपमा ८ घन्टा काम, आराम र मनोरञ्जनको नारामा आन्दोलित मजदुरहरूको वीरतापूर्ण सङ्घर्षले खासमा मे दिवसलाई सुनिश्चित गरेको मानिन्छ। नेपाली श्रमिकहरू विभिन्न समय र परिवेशको बीचमा मे दिवस मनाउन र भव्यता कायम गर्न सफल रहे। राष्ट्रिय राजनीतिक गतिका साथ असङ्ख्य प्रतिबन्धित मजदुरहरूलाई अधिकार सम्पन्न बनाउने सर्तमा के-कसरी आश्वस्त बनाइन्छ भन्ने विषय जिज्ञासाका रूपमा रहिरहेको सन्दर्भमा आजको मजदुर हकहितसँग सम्बन्धित मूल प्रवाहसँग प्रतिबन्धित, अनगिनेत मजदुरहरूको प्रश्न प्रमुख बनेको छ। लोकतान्त्रिक गणतन्त्र रहेको मुलुकमा श्रमजीवी श्रमिकहरूको अधिकार सुनिश्चितता अझै पनि अन्योलपूर्ण छ। विभिन्न चरणमा आन्दोलित नेपाली श्रमिक सर्वत्र रूपमा राज्य दमन र हस्तक्षेपबाट आक्रान्त रूपमा तर पटकपटक मुक्त बन्न प्रतिबद्ध देखिन्छ । कुनै मानसिक प्रक्रियका रूपमा नभई उत्पादन सम्बन्धसँगको संसर्गबाट मात्र उत्पादक शक्तिहरू आफूलाई मुक्त गर्न सफल हुने मार्क्सवादी दृष्टिकोण यही क्रममा थप मननीय लाग्छ। एउटा फरक प्रसङ्गमा मार्क्सले मुक्तिलाई कुनै मानसिक प्रक्रिया नभई उत्पादक शक्तिसँगको सङ्घर्षपूर्ण संसर्गको परिणाम बताएको पाइन्छ । यसको मतलब श्रमिक सङ्घ तथा ट्रेड युनियनहरूबीच आजसम्म एकरूपतामा जस्तो विकास हुन पुगेको साझा धारणामाथि दृष्टिकोण निमार्णको अभाव त अवश्य पनि देखिन्छ। यसका अलावा श्रमिक श्रमजीवी वर्गलाई मुक्त गर्ने प्रतिबद्धता दिने क्रममा मुक्त समाजको निर्माण र स्थापनामा समेत जोड दिने त गरिन्छ। जुन आन्दोलन क्रमसँगै विस्तार हुन पुग्छ । तर यसको समग्र नियतिसँग मुक्तिको प्रधान प्रसङ्ग त्यसै थाती राखिन्छ। तर एउटा ऐतिहासिक प्रक्रियाका रूपमा ऐतिहासिक अवस्थाहरूको विकास मात्रले मुक्तिको महत्वपूर्ण प्रक्रियालाई जन्म दिने गर्दछ। यससँगै उत्पादन सम्बन्ध, उत्पादक तथा नयाँ उत्पादक शक्तिको समेत विकास अनिवार्य मानिन्छ। तर पनि मजदुरहरूलाई विभिन्न सर्त र आश्वासनमा जोड्दै १३० औँ मई दिवस मनाइँदैछ। फेरि पनि मुक्तिको सपना दिइन्छ। नेपाली श्रमिकहरू आफ्नो सम्पूर्ण मुक्तिको निम्ति आश्वस्त बन्न लालायित छन्।

**समूहगत सौदाबाजी र श्रम विवाद**

सक्रिय श्रम नियमावली ७५ को नि नं ६७ ले श्रमिकको समूहगत सामूहिक सौदाबाजी समितिको भूमिका स्पष्ट पारेको देखिन्छ भने व्यावसायिक क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरूले तोकिएबमोजिम सौदाबाजी समिति गठन र सञ्चालन गर्ने गर्दछन् । उपनियम १ बमोजिमको उल्लिखित प्रयोजन र कार्यका निम्ति नियमावलीमा अन्य विधि, तरिका र प्रावधान पनि देखिन्छन्। सम्बधित ऐनको अधीनमा रही आवश्यक सहमति कायम गर्नु यसको मुख्य उद्देश्य रहेको हुन्छ भने श्रमिक र रोजगारदाताका बीचमा उचित सम्बन्ध स्थापनामा समेत गठित समितिले जोड दिनुपर्ने हुन्छ। यसैबीच पछिल्लो समयमा श्रम र श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन २०७४ कार्यान्वयन गर्नु प्रत्येक रोजगारदाताको व्यावसायिक एवम् सामाजिक दायित्व मानिने गर्दछ भने नियमबमोजिम गठित सौदाबाजी समितिले विषयलाई नछुटाईकन निर्क्योल गर्नुपर्ने हुन्छ । कानुनबमोजिम मजदुरको पारिश्रमिक, सेवासुविधा तथा अन्य सवालमा केन्द्रित बन्ने यसखालको समूहगत सामूहिक सौदाबाजी समिति आजसम्मको श्रमविवाद सुल्झाउन भने निरपेक्ष रूपमा सार्थक बनेको भेटिन्न । फलस्वरूप उत्पन्न विवाद समाधानको पाटोले पुनः वार्ता, मध्यस्थता र आन्दोलनको रूप लिन पुग्छ। त्यसो त ऐनमा प्रतिष्ठानस्तरीय तथा आधिकारिक ट्रेड युनियन र मध्यस्थता ट्राइब्युनल आदिको समेत भूमिका स्पष्ट रूपमा रहेको देखिन्छ । सरकारले श्रमिक मजदुरहरूको पारिश्रमिकमा वृद्धिको योजना दिएपछि लगभग ६ महिनाको अन्तरालमा नै उद्योग, प्रतिष्ठान र कलकारखानाहरूमा श्रम विवाद देखापरेको पाइन्छ। उता श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले सम्बन्धित निकायमार्फत सम्पूर्ण व्यावसायिक क्षेत्रमा श्रमिक सूचीकरणका निम्ति विशेष रूपमा पहल भए पनि पछिल्लो नतिजा न्यून परिमाणको देखिन्छ । श्रम बजार क्षेत्र जसमा औपचारिक र अनौपचारिक सबैतिर आजभोलि श्रम विवाद उत्पन्न भइरहेको छ। मजदुरहरू आन्दोलित हुने अवस्था त्यसरी नै सिर्जना भइरहेको छ । परिस्थितिवश रोजगारदाताहरूका बीचमा विवादका विषयहरूलाई लिएर मोर्चाबन्दी समेत भइरहेको पाइन्छ । यसरी श्रम सम्बन्धलाई लिएर सधैँजसो विवादविहीन रहन नसकेको लगानी क्षेत्र पछिल्लो समयमा पृथक तरिकामा समस्यमा देखिएको पाइन्छ । यसको ज्वलन्त उदाहरणका रूपमा गलैँचा, चियाबगान र अन्य विभिन्न क्षेत्रलाई लिन सकिन्छ जहाँ यतिबेला श्रम ऐन, श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा योजना र विभिन्न पूर्वसहमति कार्यान्वयनको जोडदार माग मजदुरहरूबाट उठिरहेको छ भने सरकार आफ्नै प्रतिबद्धताबाट अघि बढ्न सकेको देखिन्न। सतहमा नदेखिए पनि लगानी क्षेत्रको समग्र धरातल लगभग यस्तै परिघटनासँग रुमलिएर तातेको छ भने श्रम मामलासँग जोडिएर रहेका उत्पन्न विविध विवाद समाधानका निम्ति ऐनको प्रचलित मान्यता पछ्याउँदै ट्रेड युनियनहरू मजदुर आन्दोलनको मैदानसम्म ओर्लन बाध्य त देखिन्छन् तर सरकार दलाल पुँजीपति इसाराबिना मजदुर र व्यावसायिक क्षेत्रका माग सम्बोधन गर्ने सामर्थ्यमा देखिन्न। तर प्रतिबद्धता श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा योजना कार्यान्वयन गर्ने र समृद्ध सामाजिक तथा आर्थिक पक्षमा विकास गर्नेसम्म रहेको पाइन्छ। मुलुकको राजनीतिक अस्तव्यस्तता हुँदाहुँदै पनि यतिबेला श्रमिक मुक्ति तथा समृद्ध जीवनको चर्चा भने हुने गरेको पाइन्छ । प्रतिबन्धित मजदुर हरूको सम्पूर्ण सवाललाई तपसिलमा राखी मुलुकमा भने हामी आजको दिनमा मई दिवस भव्य सम्पन्न गर्दैछौँ जसको मूलभूत प्रस्तावना श्रमिक मुक्तिको चर्चित प्रसङ्गबिना अधुरो रहन्छ।

**१. गलैँचा मजदुरहरूको सम्झौता विवाद**

केही समयअघि गलैँचा उत्पादक तथा निकासीकर्ता सङ्घ र क्रियाशील ट्रेड युनियन सम्मिलित टिमबीच प्रचलित नियमअनुसार सम्पन्न वार्ताको पहलसँगै सहमतिको मसी सुक्न नपाउँदै जस्तो विवाद उत्पन्न भएको थियो त्यसपछि संयुक्त ट्रेड युनियन समन्वय केन्द्र सम्बद्ध स्थापित ट्रेड युनियनमध्यबाट नै सम्झौताको पुनरावलोकन तथा मध्यस्थताका निमित्त विषय विभागसमक्ष पुग्यो । यस क्रममा रोजगारदाताहरू सरकारको पछिल्लो योजनाअनुरूप पारिश्रमिक तथा सेवासुविधाको हकमा अक्षरशः लागू गर्न शब्दमा तयार देखिए पनि व्यवहारमा भने थिएन । गत असोज २४ मा सम्पन्न उक्त द्विपक्षीय सम्झौतामा तलबप्रणालीमा रहने कर्मचारी तथा बुनकरहरूका हकमा तलब, भत्ता र सेवा तथा सुविधामा सरकारको पछिल्लो योजनाअनुरूप कायम गरिने एवम् बलिङ कटिङ रङ्गाइ, वासिङलगायत कार्यको हकमा नट सुपर नट र अधिकतममा गरिएको वृद्धिका साथै आवश्यकताअनुसार आपसी समझदारीमा कायम गरिने भन्ने सहमतिअनुरूप ऐन निःसृत सञ्चयकोष, उपदान, चाडपर्व र बिदामा आवश्यक समायोजन गर्ने उल्लेख गरिएको पाइन्छ। यसका साथै ऐनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमका निमित्त आवश्यक कार्यलाई प्राथमिकता दिनेसमेत सहमतिपत्रमा उल्लेख भएको देखिन्छ। मजदुरहरूले पाई आएको कोठाभाडाबापतको खर्चमा पुनरावलोकन गरी पारिश्रमिक वृद्धिको योजनालाई समायोजन गर्नुपर्ने तथा सरकारले आफूसँग यसअघि गरेको प्रतिबद्धता पूरा गर्नुपर्ने मनसाय व्यवसायीहरूले राखेको देखिए पनि यसअनुरूप अघि बढ्दा मजदुर हितविरुद्ध कार्य हुनसक्ने भनी समय छँदै सम्झौताउपर पुनरावलोकन हुनुपर्नेमा सरोकारवालाहरूका तर्फबाट वार्तामा सङ्कलित रायलाई जायज नै मानियो । सरकारले गत साउन ३१ मा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी लागू गर्न तोकेको भन्दा कम गरी पारिश्रमिक तथा सेवासुविधाको सर्तमा कुनै पनि सम्झौता वा सहमति कायम गरे सम्झौता कानुनतः स्वतः खारेज हुनेसम्मको प्रावधान रहेको पनि पाइन्छ । श्रमिक मजदुरहरूको हितसँग जोडिने विभिन्न पाटा पक्षहरूमा प्रचलित ऐनबमोजिम कार्यहरू भएनभएमा त्यसको समग्र निर्क्योल, अवलोकन र पुनरावलोकनको कानुनबमोजिम दायित्व बहन गर्न सरकार प्रतिबद्धताअनुरूप कति प्रयासरत छ भन्ने बहसको विषय हो । तर पनि पुँजीपतिहरू आफ्नो उत्तरदायित्वबाट जानाजान पन्छिन चाहन्छन वा परिस्थिति त्यति नै गम्भीर रहेको हुने गर्दछ, सरकारले मनन गर्ने पक्ष हो । तर दलाल पुँजीपतिहरूको दबाबमा सरकार नेपाली गलैँचा मजदुरहरूको समग्र हितविरुद्ध प्रस्तुत हुन कदापि सक्दैन। यसका बाबजुद्ध श्रमिकहरूलाई हक र अधिकारबाट सम्पन्न बनाई मुक्त समाज निर्माण गर्ने प्रस्थापनागत प्रतिबद्धता व्यक्त हुने गरेको पाइन्छ । न्यायप्रेमी गलैँचा मजदुरहरू, प्रगतिशील सरोकारवाला श्रमिक निकट जनतह यतिवेला मई दिवसको ऐतिहासिक प्रतिबद्धताका निम्ति प्रतीक्षारत देखिन्छ।

**२ समूहगत सामूहिक सम्झौतामार्फत हल**

गलैँचा, होटेल, पर्यटन, निर्माणलगायत श्रम ऐनले तोकेका अन्य विभिन्न उत्पादन क्षेत्रमा समेत नियमअनुसार सामूहिक सौदाबाजी, समूहगत सौदाबाजी र अन्य मध्यस्थताका विधिहरूलाई उत्पन्न विवाद समाधान र उचित श्रम सम्बन्ध स्थापनाका निम्ति अपनाउने गरिन्छ । विज्ञ, व्यावसायिक, सरोकारवाला र मजदुर श्रमिकहरूसमेत आश्वस्त बनिरहेको उक्त प्रक्रिया कानुनबमोजिम मात्र नभई मजदुरहरूको सम्पूर्ण किसिमको सम्मानजनक सहभागितामा हक तथा हितका निम्ति सहमति कायम गर्ने वैकल्पिक उपाय हो। तर पनि अस्पष्ट कानुनी शब्दावली, सर्तमय प्रावधान र झन्झटिलो प्रक्रियाको प्रारूपमाथि क्रान्तिकारी क्रमभङ्गको अभावमा श्रमिक हक तथा हितसँग सम्बधित विभिन्न पक्षहरूमाथि विधिमा सम्झौता गरिन्छ। पुनर्सम्झौता कायम गरिन्छ र सहमतिका निम्ति केवल आश्वस्त बन्ने गरिन्छ। विडम्बनापूर्ण पक्ष त के रहन्छ भने सम्बन्धित क्षेत्रमा क्रियाशील ट्रेड युनियनहरू नै आन्दोलनको मोर्चा र सौदाबाजी प्रक्रिया दुवैमा प्रयत्नरत हुनुपर्ने बाध्यता देखिन्छ। लोकतान्त्रिक गणतन्त्रसम्म पनि प्रणाली र प्रक्रियामाथि रत्तिभर भिन्नता देखिन्न। परिणाममा आजको जस्तो श्रमिक मजदुरहरूका जायज मागउपर उचित सुनुवाइ सहज रूपमा हुने गरेको देखिन्न । आन्दोलन श्रमिक आन्दोलन र व्यावसायिक क्षेत्रको आन्दोलन सशक्त बन्दै र सम्झौतामा टुङ्गिँदै जाने परिस्थितिमा बाहेक अन्यमा विकास भएको पाइन्न। यससँगै मजदुरले हडताल गर्न पाउने अधिकार भने राज्यले बेलाबखत कुण्ठित गर्ने र यसमाथि दमन गर्ने गरेको पाइन्छ। ऐतिहासिक ८ घन्टा काम आन्दोलनजस्तै मजदुरले यतिबेला पूर्ण मुक्तिको न्यायपूर्ण समाज स्थापनाका निम्ति योगदान दिने कुरा उत्तिकै महत्वको रहन्छ । अमूर्त शब्दावलीका रूपमा प्रचलनमा आएको मुक्तिको प्रसङ्गले यतिबेला पनि सन्दर्भ लिएको महसुस हुन्छ। प्रतिकूल परिस्थिति हुँदाहुँदै नेपाली श्रमिकहरू मई दिवस मनाउँदैछन्।

**३. चिया बगान श्रमिकको आन्दोलन**

पूर्वसहमति कार्यान्वयनको माग जोडदार रूपमा उठाएर केही दिन पहिलेदेखि चिया मजदुरहरू आन्दोलित बने । स्थापित ट्रेड युनियनहरूले नेतृत्व गरिरहेको उक्त

बाँकी पृष्ठ ७ मा



कविता

## धने अर्थात् विद्रोही



आरपी तिमिल्सिना

कल्पित स्वर्ग जाने दौडमा
नर्कको अमृत पिई
स्वर्गको कथित पुजारी भइपल्केको
मानव अनुहारझैँ लाग्ने
दैत्यकार मानवको
षड्यन्त्र र वर्गविन्यासले
थिल्थिलो पारिएको
मेरो गाउँछेउको
म धुलौटे बाटोको कणझैँ ठानिन्थेँ
धन भएको मन नभएको
मनबहादुर साहूले नाम राखेको
आँसु शुष्क बनुन्जेल रुन्थेँ
म उही क्या !
साहूबाजेले नाम राखेको कामी धने ।

मेरा पुर्खाको कमाइले
साहूका सन्दुसहरू भरिए
मेरै सीप र कौशलले
मन्दिरका टुँडालहरू ठडिए
अपसोच !
मेरा बराजु मन्दिरछेउ काटिए
पवित्र मन्दिर बिटुल्याए रे !
मेरा शाखा-सन्तानले नगरेको अपराध
पानी छुँदा अछूत भइने
बाटो पर्खंदा अलच्छिन हुने
म हजारौँ वर्षदेखिको
ढाडमा लिखत बोक्दै गरेको
मनभित्र हुरीमन हुर्काउँदै गरेको
उही क्या म !
सीप चल्ने, श्रम चल्ने
पानी नचल्ने 'डुम धने' ।

मैले धारा छोएबापत्
धेरै अपमानका लोप्पा खाएँ
मन्दिरका अनाडी देवताले पनि
मलाई अलिकति इन्साफ दिएनन्
मेरै आँगनमा
फूलजस्ती बहिनीको हुर्मत लिने
पापिष्टका विरुद्ध
आँखामा पट्टी बाँध्ने
न्यायालयमा नालिस दिएँ
उल्टै मेरै हातमा हत्कडी
उतै अपराधीहरूलाई फूलपाती ।

यी सबै अपमानका घाउ पखाल्न
थाकेका मनहरूलाई सञ्जीवनी दिने
पूर्व क्षितिजमा रातो हुँकार दिँदै
विद्रोहको विगुल बज्यो
दासताका जञ्जिर च्यात्दै
सारा निमुखाहरू एकजुट भए
मैले पनि धाराको पानी
अघाउन्जेल पिउन
स्वाभिमान जीवन जिउन
मन्दिरको देवता बेरिएको खोल उतार्न
हाम्रै हस्तीहाडले बनेका
सनातनी महलहरूमा
विद्रोहको मशाल झोस्न र
मेरै पौरखबाट बनेको
घन बजार्न कम्मर कसेको
म उही क्या !
रूप र चोला फेरेको
उहिले मलाई भकुर्ने साहूको
घर रातामान्छेसँगै 'सेबोटेज' गरेको
उहिलेको धनबिनाको धने कामी
उही क्या ! म धने अर्थात् कमरेड विद्रोही !

## सार्वजनिक सम्पत्ति ...

कर छलीमा शासकहरूको प्रत्यक्ष संलग्नता रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ।

सरकारी सम्पत्तिको दोहन गर्न राज्य सञ्चालकहरू नै लागेको भन्दै विज्ञप्तिमार्फत युवा सङ्गठनले त्यसको विरोध जनाएको छ। विज्ञप्तिमा भनिएको छ, 'हालै मात्र बाहिर आएको खुला मञ्चको सार्वजनिक जग्गा प्रकरण बालुवाटारको सरकारी जग्गा बिक्रीवितरण प्रकरणमा राज्यसत्तामा रहेका शासकहरूको मिलोमतोमा भएका घटनाहरू हुन् ।' भ्रष्टाचार हुन दिन्नँ र आफू पनि गर्दिनँ भन्ने प्रधानमन्त्री केपी वलीको देखाउने दाँत मात्र भएको उक्त सङ्गठनको निष्कर्ष छ। बालुवाटार र खुलामञ्च जग्गा प्रकरणका विरुद्धमा जनताले गरेको आन्दोलनप्रति युवा सङ्गठनको पूर्ण ऐक्यबद्धता रहेको विज्ञप्तिमा जनाइएको छ।

## सबैको भरोसा ...

महासचिव पूर्ण पौडेल २०५९ देखि बेपत्ता छन् । उनलाई ०५९ वैशाख १३ गते बेलुका काठमाडौँको कालीमाटीबाट सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए।

कार्यक्रममा बेपत्ता पूर्ण पौडेलकी आमा मोतीमायाले रुँदै भनिन्, 'विप्लव उता जङ्गलमा गएको थाहा पाएपछि मैले फोन गरेर सोधेँ- बाबु तपाईं कता हो ? उहाँले भन्नुभयो आमा म यतै छु। अनि मैले भनेँ एक्लो बिरुवा त के गर्ने हो भन्ने मेरो मनमा लाग्यो तर आज एक्लो बिरुवा भए पनि हाम्रो जङ्गल भएको छ। यी शोसकहरू, भ्रष्टचारीहरूले हाम्रा छोराहरूलाई मारे। सबैलाई बेपत्ता पारे। आज यिनले के गरे ? अरुको जुठो भात खान गए बाबु तर यस्तो नहोस्, विप्लव बाबु तपाईंले खुट्टा नछोड्नुहोस् । म विप्लवलाई त्यही भनिराख्छु- तपाईंले खुट्टा नछोड्नुहोला बाबु । तापाईंकै भरोसामा छन् सबै जनताहरू। मलाई सबैले भन्छन् विप्लवले के गर्लान् र यत्रायत्रा नेताहरूले त केही गर्न सकेनन् ! म ठूलो नेता त होइन तर मलाई विश्वास छ विप्लवले गर्न सक्छन् । बाबुले गर्नुहुन्छ । बाबु कसैसँग तर्सिने-डराउने होइन, तर जोगिएर हिँड्नुहोला । तपाईंहरूले नेपाली जनताको मुक्तिको बाटो नछोड्नुहोला। हामी सबैको आशा र भरोसा नेकपा विप्लवमा भएकाले हामी तपाईंको साथमा छौँ' मोतीमायाले भन्नुभयो।

कार्यक्रममा नेकपा कास्कीका सेक्रेटरी आक्रोशले आफ्नो पार्टी नेपाली जनताको आशा र भरोसाको केन्द्रबिन्दु भएको र आमनेपाली जनताको मुक्तिका लागि जस्तोसुकै कठिन परिस्थितिको सामना गर्न नेपाल कम्युनिस्ट पार्टी तयार रहेको बताए । बेपत्ता योद्धा पूर्ण पौडेललगायत सहिद-बेपत्ताका सपना साकार पार्ने र एकीकृत जनक्रान्तिको कार्यदिशामार्फत जनताको समाजवादी व्यवस्था ल्याएरै छोड्ने प्रतिबद्धता उनले व्यक्त गरे । प्रतिबन्धको घेरा तोड्दै पार्टीले आफ्ना सबै कार्यक्रम सफल बनाएको आक्रोशले बताए । कार्यक्रममा पार्टीलगायत जवस मोर्चाका सबै नेता-कार्यकर्ताको उपस्थिति थियो । कार्यक्रमको सञ्चालन अखिल (क्रान्तिकारी) कास्कीका अध्यक्ष काजी गुरुङले गरेका थिए।

## देशैभर मजदुर ...

एङ्गेल्सले तयार पारेका मागहरूलाई आधार बनाएर तयार पारिएको मागलाई लिएर विश्वभरिका मजदुरहरूले मालिकहरूका विरुद्ध आन्दोलन गरेका थिए। त्यही क्रममा अमेरिकाको सिकागोमा भएको मजदुर आन्दोलनका क्रममा भीषण दमन भएको थियो। त्यो आन्दोलनको सम्झना गर्दै यो दिनमा मजदुर दिवस मनाउने गरिएको छ।

अहिले विश्व मजदुर आन्दोलनमा पुँजीवादको चरम प्रभाव परेको छ। त्यसको प्रभाव नेपालमा पनि परेको छ। प्रथम अन्तर्राष्ट्रियसँगै देखापरेको अर्थवाद र ट्रेड युनियनवादले नेपालको श्रमजीवी वर्गको आन्दोलनमा पनि जबर्जस्त जरा गाडेको छ। यसका विरुद्ध लड्दै क्रान्तिकारी मजदुर आन्दोलनको विकास गर्न जरुरी रहेको छ।

## प्रेस स्वतन्त्रताका ...

सञ्चालन गर्ने निर्णय गरेको हो।

जनपत्रकार सङ्गठन नेपाल, क्रान्तिकारी पत्रकार महासङ्घ, प्रगतिशील पत्रकार सङ्घ, प्रेस सोसाइटी नेपाल र मधेसी पत्रकार समाजको संयुक्त बैठकले सरकारले चालेको पछिल्लो कदमप्रति गम्भीर ध्यानाकर्षण भएको निकालेको जानकारी जनपत्रकार सङ्गठनका अध्यक्ष प्रकाश डुम्रेले रातो खबरलाई दिए।

जनपत्रकार सङ्गठन नेपालका डुम्रे, क्रान्तिकारी पत्रकार महासङ्घका अध्यक्ष इन्द्र राउत, प्रगतिशील पत्रकार सङ्घका अध्यक्ष नारायण शर्मा, मधेसी पत्रकार समाजका अध्यक्ष मोहन सिंहलगायत सहभागी बैठकले दबाबमूलक अभियान सञ्चालन गर्ने निर्णय लिएको छ। साथै पत्रकार महासङ्घको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै महासङ्घको भूमिका बढाउन अनुरोध गर्ने निर्णय भएको जनाइएको छ । बैठकले देशभर सरकारले गरेको पत्रकार धरपकड र गिरफ्तारी तत्काल रोक्न र हिरासतमा राखिएका पत्रकारलाई अविलम्ब रिहा गर्न माग गरेको छ।

## दुई राजबन्दीको ...

नपच्ने समस्याबाट समेत पीडित छन् । दैनिक ५ प्रकारका औषधी सेवन गर्ने गरेका उनी पक्राउ परेसँगै हिरासत र जेलको बसाइका कारण उनको स्वास्थ्यमा गम्भीर समस्या उत्पन्न भएको छ । यही सोमबार दाँतको उपचारका लागि उनलाई सरकारी अस्पताल वीर अस्पतालमा लगिएको थियो भने अहिले उनको रक्तचाप निकै उतारचढाव हुने गरेको र अनियन्त्रित बनेपछि उनको घरपरिवार चिन्तित बनेका छन्।

यस्तै चैत २४ गते आइतबार सर्वोच्च अदालतको आदेशमा रिहालगत्तै गेटबाटै गिरफ्तार गरिएका नेकपाका पोलिटब्युरो सदस्य जीवन्त मधुमेह र मृगौला रोगबाट पीडित छन् । उनले त्यससम्बन्धी दैनिक रूपमा कडा औषधी लिइरहेका छन्। सङ्गठित अपराध अभियोगमा अनुसन्धानका लागि भन्दै हाल सङ्खुवासभा जिल्ला प्रहरी हिरासतमा राखिएका उनलाई स्वास्थ्य परीक्षण गराउनसमेत नदिएको उनको परिवारका सदस्यले जनाएका छन् । भेटघाट गर्न पुगेकाहरूसँग नेता जीवन्तले आफ्नो स्वास्थ्यमा समस्यामा परेको भन्दै उपचारका लागि काठमाडौँ लैजाने व्यवस्था मिलाउन आग्रह गरेका छन्।

# एनसेल कर छली र संरक्षण गर्नेहरूलाई बहिष्कार गर्ने सरोकारवालाको चेतावनी

■ **रातो खबर संवाददाता/काठमाडौँ**

काठमाडौँ : सरोकारवालाहरूले पुँजीगत लाभकर नतिर्ने दूरसञ्चार सेवा प्रदायक कम्पनी एनसेल र संरक्षण गर्नेहरूलाई बहिष्कार गर्नुपर्ने बताएका छन् । 'नो ट्याक्स नो एनसेल' अभियान सञ्चालन गर्दै आएका अभियन्ताहरूले एनसेलको सिमसँगै कर छलीलाई संरक्षण र प्रोत्साहन गर्नेहरूलाई बहिष्कार गर्नुपर्ने धारणा राखेका हुन् । वैशाख १५ गते संवाद डबलीमा आयोजित अन्तरसंवाद कार्यक्रममा उनीहरूले उक्त धारणा राखेका हुन्।

कार्यक्रममा पूर्वसचिव डा. द्वारिकानाथ ढुङ्गेलले ठूला भनिएका दलका शीर्ष नेताहरूले नै एनसेललाई कर नतिर्न प्रोत्साहन गरिरहेको बताए। 'एनसेल कर तिर्ने सर्तमा नेपाल आएको हो । ऊ कर तिर्न पनि चाहन्छ तर सिंहदरबार निदाएको छ। नेताहरू कमिसनको पछि कुदिरहेका छन्', उनले भने । देश कुशासनको दलदलमा फस्दै गएकोमा चिन्ता व्यक्त गर्दै ढुङ्गेलले आफ्नो अभियान राष्ट्रको हितमा रहेको आम जनतासमक्ष अपिल गरे।

आफूहरूले अहिंसात्मक रूपमा आवाज उठाइरहेको भन्दै उनले शान्तिपूर्ण आवाजको सुनुवाइ नभए समाजमा हिंसाप्रतिको मोह बढ्न सक्ने खतरा औँल्याए । एनसेललाई लाभकर तिराउनुपर्ने भन्दै सर्वोच्चमा मुद्दा दायरसमेत गरेका ढुङ्गेल एनसेलले कर नतिरेसम्म आफूहरूको अभियान जारी रहने बताए।

अन्तर्राष्ट्रिय जीवन प्रशिक्षक एवम् नेपाल कम्युनिस्ट पार्टीका युवा नेता नरबहादुर कार्कीले एनसेलले नेपालमा व्यापार गर्ने नैतिक आधार गुमाइसकेको बताए । उनले दलाल राजनीतिक नेतृत्व, कर्पोरेट मिडिया र अदालतको संरक्षणमा एनसेल टिकिरहेको आरोप लगाए । 'नो ट्याक्स नो एनसेल' अर्थात् एनसेलको सिम बहिष्कार अभियान्तासमेत रहेका कार्कीले एनसेल कर छली प्रकरण एउटा उदाहरण मात्रै भएको भन्दै बालुवाटार, खुलामञ्च, निर्मला पन्त, सुन तस्करीलगायत सबै प्रकरण वर्तमान राजनीतिक प्रणालीको उपज भएको बताए।

राजनीतिक व्यवस्था र पार्टीलाई रेलसँग तुलना गर्दै उनले भने, 'रेलको ट्र्याक र गति बिग्रिन थाल्यो भने रेल नै फेनुपर्छ। एक डिब्बाबाट अर्को डिब्बामा सरेर सही गन्तव्यमा पुगिँदैन । डबल नेकपा, काङ्ग्रेस, मधेसी दल, नयाँ शक्ति, विवेकशीललगायत संसदीय पार्टीहरू एउटै रेलका भिन्नभिन्न डिब्बा मात्रै हुन् ।'

चर्चित नायिका एवम् सामाजिक अभियन्ता रेखा थापाले जुनसुकै सर्तमा पनि सरकारले एनसेलबाट कर असुल्नुपर्ने धारणा राखिन्। भ्रष्टाचार र बेथितिका विरुद्ध बोल्ने व्यक्तिलाई विभिन्न किसिमको ट्याग लगाउने गरिएको भन्दै उनले सरकारलाई प्रश्न गरिन्, 'उता गाउँमा सिटामोल नपाएर गरिब जनताको मृत्यु भइरहेको छ। सामान्य अस्पताल बनाउन चन्दा उठाउनुपर्ने अवस्था छ । यता एनसेलले अर्बौं कर तिर्न मानिरहेको छैन । कसले संरक्षण गरिरहेको छ ?' परिवर्तनका लागि आवाश्यक परे आफू पनि मर्न तयार रहेको बताउँदै नायिका थापाले कर नतिर्ने एनसेलको सिम बहिष्कार गर्न युवाहरूलाई आग्रहसमेत गरिन्। उनले आफूहरूको एनसेललाई कर तिराउने अभियान जारी रहेको बताइन्।

वरिष्ठ अधिवक्ता डा. सुरेन्द्र भण्डारीले एनसेल कर छलीविरुद्धको आन्दोलन कुनै व्यक्ति, सङ्गठन, पार्टीविशेषको नभएर तीन करोड नेपालीसँग सरोकार राख्ने विषय भएको बताए। अदालतबाट सकारात्मक निर्णय हुने अपेक्षासहित आफूहरूले सर्वोच्च अदालतको ढोका ढकढक्याएको जानकारी दिँदै भण्डारीले सडकबाट पनि निरन्तर खबरदारी गर्न आमनागरिकलाई आग्रह गरे । एनसेलको करविरुद्ध सर्वोच्चमा परेको रिटमाथि बहस गरेका बरिष्ठ अधिवक्ता भण्डारीले एनसेलसँग सम्बन्धित सर्वोच्चको पछिल्लो अन्तरिम आदेश त्रुटिपूर्ण रहेको बताए। सर्वोच्चले यसअघि गरेको निर्णय कार्यान्वयन गर्न सबै क्षेत्रबाट दबाब आवश्यक रहेको बताए । त्यसैगरी बहिर्गमित जनमुक्ति सेनाका वरिष्ठ उपाध्यक्ष रमेश बस्यालले 'नो ट्याक्स नो एनसेल' अभियानप्रति ऐक्यबद्धता जनाउँदै अदालतको आदेश, प्रयोगकर्ताको चाहना र जनताको मागविपरीत अघि बढे एनसेलमाथि भौतिक कारबाही गर्ने चेतावनी दिए।

## श्रमिक मुक्तिको ...

आन्दोलनमा मजदुरहरूले श्रम ऐन, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन र यसअघि भएगरेका सहमति कार्यान्वयन गर्न माग गरिरहेको देखियो भने उन्नत स्तरको चिया टिप्ने, प्रशोधन गर्ने र वितरण गर्ने महत्वपुर्ण समयको समेत बेवास्ता गरी व्यवसायीहरू आन्दोलन अवधिभर मौन बसे । किसान, मजदुर र न्यायप्रेमी आमजनताका निमित समृद्धिको झूट्टो आश्वासन दिने सरकारले मजदुरहरूको उक्त जायज माग सम्बोधन गर्नगराउन भने आशातीत पहल गरेको देखिएन । आन्दोलन सशक्त बन्न सक्छ, मजदुरहरूले उठाएका न्यायोचित माग सम्बोधन गर्नुपर्छ र यसबाट राष्ट्रिय आर्थिक तहमा क्षति पुग्न सक्छ भन्ने विषय सामान्य महत्वको नभए पनि मजदुरहरूको आन्दोलनसँगै राष्ट्रिय पुँजीपतिहरू व्यावसायिक हित संरक्षण, संवर्द्धन, स्तरोन्नति र विकासका निम्ति सरकारले विभिन्न समयमा दिएका प्रतिबद्धता पुनरावलोकनका पक्षमा उभिन पुगे। लगानी समेलनपछि १५ देखि ४० को हाराहारीमा आयोजनगत क्षेत्रमा लगानी भित्र्याउन, त्यसमा पनि विशेषगरी कृषि तथा उत्पादन क्षेत्रमा लगानी बढाउन आतुर देखिएको सरकारले उपरोक्त परिस्थितिलाई सामान्य रूपमा मात्र लिएको र देशको समूल कानुन प्रदत्त श्रमिक हितको पक्षमाथि अनुत्तरदायी बनेकोबाट सामाजिक तथा आर्थिक आधारमा विकास गरी समाजवाद स्थापनामा जोड दिने राज्यले संवैधानिक प्रस्तावनाविपरीत दलाल पुँजीको संरक्षण तथा स्थायित्वको नीति आत्मसात गरेको घटनाबाट बुझ्न सकिन्छ भने श्रमिक मुक्ति र समृद्धिको पक्ष यहाँनिर थप प्रश्नका साथ देखिन्छ। १३० औँ अन्तर्राष्ट्रिय श्रमिक दिवसको ऐतिहासिक परिवेशमा मजदुरहरूले फेरि पनि पूर्ण मुक्तिका निम्ति सङ्घर्ष निर्माण गरिरहेको देखिन्छ भने चिया बगान मजदुरहरूलाई साँचो अर्थमा न्याय प्रदान गर्ने प्रतिबद्धता अनिवार्य पक्षका रूपमा रहन्छ।

### ४. श्रमिकका जायज माग सम्बोधन गर

लोकतन्त्रलाई अन्यायउन्मुख नीतिको विरोध गर्न सक्ने र न्यायिक विचारमा आधारित राजनीतिक प्रणालीका रूपमा पनि चिनिन्छ । मुलुक अहिले लोकतान्त्रिक गणतन्त्रमा विकास भैसकेको छ। पुरातन कानुन र असमान परिपाटीको अन्त्यका निमित्त आतुर र प्रगतिशील क्रान्तिकारी नियमप्रति प्रतिबद्धता समयको प्रमुख माग हो । नीतिगत तहमा भएका सम्पूर्ण असमान प्रावधानहरूविरुद्ध श्रमिक मजदुर, सरोकारवाला र न्यायप्रेमी जनताको तहबाट सशक्त रूपमा प्रतिरोध अनिवार्य आवश्यक देखिन्छ। नेपाली मजदुरहरूले आफ्नो जायज माग उठाएर आन्दोलनको प्रक्रियामा पुगेपछि एक थान सहमति र एकपटकको माग सम्बोधनलाई भन्दा पनि जायज माग पूरा गर्ने राजनीतिक प्रणाली स्थापनाको नारालाई थप बुलन्द गर्नुपर्ने देखिन्छ। मजदुरहरूको नैसर्गिक हकप्रति अनुत्तरदायी देखिने सरकार व्यावसायिक क्षेत्रप्रति समेत जिम्मेवार नबनेको परिस्थितिले स्वतः दलाल पुँजीवादप्रति आश्वस्त र प्रतिबद्ध बढी र श्रमिक वर्गको भविष्यप्रति कम चिन्तित देखिन्छ । सामाजिक दलाल पुँजीवाद र यथास्थितिसामु मजदुरको जायज माग पूरा गर भन्ने नारामा आवाज त उठ्ने गर्दछन् तर घटनाक्रमहरूले पुष्टि गरेका छन्, श्रमिक आन्दोलनले वैज्ञानिक समाजवाद स्थापनाको युगीन शपथग्रहण र आन्दोलनको सशक्तीकरण दुवैमा जोड नदिने हो भन्ने परिणामले यथास्थितिलाई नै पुनश्चः दोहोऱ्याएर डोऱ्याइदिन्छ । २१ औँ शताब्दीका श्रमिकहरू आमूल परिवर्तनको जगमा आफ्ना हकअधिकार सुनिश्चित गर्न चाहन्छन् । नेपाली समाजको पछिल्लो परिवेशमा श्रमजीवी श्रमिक वर्गको पूर्ण मुक्तिको ऐजन्डामाथि राजनीतिक रूपले एक किसिमको प्रतिबन्ध देखिन्छ। निचोडमा भन्नु पर्दा पूर्ण लोकतान्त्रिक व्यवस्थामा मजदुरले राजनीतिक उत्पीडनको अन्त्य गर्न ट्रेड युनियन खोल्न पाउने र हडताल गर्ने अधिकारमाथिको प्रतिबन्धजस्तै गरी उसको समग्र राजनीतिक अधिकारको पछाडि प्रश्न देखिन्छ । विश्वस्तरमै श्रमिक श्रमजीवीहरूको गौरवपूर्ण ऐतिहासिक बलिदानमाथि स्मरण गर्दै मई दिवस मनाउने गरिन्छ। श्रमजीवी मानिसहरूको पूर्ण मुक्तिको वचनबद्ध प्रस्तावना जसलाई अर्को अर्थमा अन्तर्राष्ट्रिय मई दिवस भनिन्छ, विशेष चासोका साथ यसलाई हेरिरहँदा मार्क्सले दिएको मुक्तिको भरिभाषा फेरि पनि ऐतिहासिक र मूलभूत महत्वको लाग्ने गर्दछ जसअनुसार मुक्ति कुनै मानसिक प्रक्रिया मान्ने गरिन्न । १३० औँ मई दिवसका अवसरमा फेरि पनि श्रमिक मुक्तिका नाममा नयाँ प्रस्तावना र प्रयत्नहरू विशेष प्रतिबद्धताका रूपमा पेस गरिँदै गर्दा उत्तरसाम्रज्यवादी, पुँजीवादी आधुनिक सभ्यताविरुद्ध विश्व श्रमिक समुदायको ऐतिहासिक पहलकदमी कायम हुनेछ। मजदुरमाथिको प्रतिबन्ध खारेज गर।





शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण देश तथा विदेशमा रहनुहुने सम्पूर्ण दाजुभाई दिदीबहिनी तथा आमाबुबामा सुख, शान्ति, समृद्धि र दीर्घायूको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रामेछाप नगरपालिका

नरबहादुर मगर
मेयर

ईश्वरी प्रसाद दाहाल
प्रशासकीय अधिकृत



नियमित

# धतुरो रोपेर गुलाबको आस

अम्बिका पाठक



संविधानमा स्वास्थ्यलाई आधारभूत र मौलिक अधिकार अनिएको छ तर त्यसविरुद्ध व्यवहार भएको छ। सरकारले बजेट खर्च गर्न नसकेर फ्रिज भएको छ। भ्रष्टाचारले आकाश छोएको छ। जहाँ जाऊ स्वास्थ्यमा भ्रष्टाचार, शिक्षामा भ्रष्टाचार, अदालतमा भ्रष्टाचार, मालपोतमा भ्रष्टाचार, वकिलमा भ्रष्टाचार, न्यायाधीशमा भ्रष्टाचार... यस्तो गुनासो बढेको बढ्यै छ। सामान्य मान्छेले आफ्नो जीविकोपर्जन गर्न पनि नसक्ने भैसकेको छ। नेता र कर्मचरीले सेवाप्रदान गर्न बजेट छैन भन्ने, मन्त्रीको धारणा जिम्मेवारीपूर्ण छैन। मूल नै सफा छैन। सिंहदरबारका  शासकहरू सबै भ्रष्ट भए सिंहदरबारबाट गाउँगाउँसम्म भ्रष्टाचार छ। जहाँ विकृति त्यहाँ विद्रोह अवश्य हुन्छ। भ्रष्टाचारको टायर चलिरहेछ।

संयुक्त राष्ट्रसङ्घ मातहतको विश्व स्वास्थ्य सङ्गठनले हरेक लोकतान्त्रिक सरकारले स्वास्थ्य सेवामा जम्मा बजेटको न्यूनतम् १० प्रतिशत बजेट छुट्याउनुपर्ने प्रावधान राखेको छ। जनस्वास्थ्य सङ्गठनले सरकारले स्वास्थ्य सेवामा बजेटको न्यूनतम् १० प्रतिशत जनस्वास्थ्यमा खर्च गर्नुपर्ने मान्यता राखी माग पनि गरेको छ तर सरकारले ४ प्रतिशत मात्र छुट्याएको छ। यसबाट सरकार जनस्वास्थ्यप्रति कति गैरजिमेवार छ भन्ने थाहा हुन्छ। यस्तो अवस्थामा आमजनताको स्वास्थ्य सुरक्षाको अधिकार कसरी कायम हुन्छ ? समृद्धि र कम्युनिस्ट शासन यही हो ? जबसम्म यो देशमा भ्रष्टाचार नियन्त्रण हुँदैन तबसम्म देशको विकास पनि हुन सक्दैन। हँसिया-हथौडाको झन्डा बोकेर म कम्युनिस्ट हुँ भन्न पनि अलिकति लाज लाग्दैन। हुनत यिनलाई नेपाली माटोको के माया ? नेपाली आमालाई बेलाबेलामा बलात्कार गरी नै रहेका छन्। गधालाई गाई बनाएर पुज्छन् झोलेहरू। जनताको घरमा आज सिटामोल छैन। गाँसबास छैन। चारैतिर भ्रष्टाचार झाँगिएको छ। जबसम्म पुरानो पद्धति बदलिँदैन तबसम्म यी दलाल शासकहरू झाङ्गिँदै जान्छन्। जबसम्म यो देशमा दलाल पुँजीवादको अन्त्य हुँदैन तबसम्म यो देशमा शान्ति र समृद्धि हुँदैन। भारतले रोक लगाएका ३७ कम्पनी फार्मेसी गुणस्तरहीन औषधी नेपालमा आइराखेका छन्। त्यसको अनुगमन खै ? त्यो कसले गर्ने ? मान्छेहरू गाउँगाउँबाट उपचारका लागि सहरमा आइपुग्छन्। अस्पताल काल्पनै गर्न नसक्ने महँगो छ। उपचार गर्न नसकेर बीचैमा हिँड्नुपर्ने अवस्था छ। यो दलाल पुँजीवादी शासकहरूको व्यवस्थाले गरिब जनताको ढाड सेकिएको छ। जता गयो शुल्क, जता गयो शुल्क। यो दलाल सरकारदेखि कोही सन्तुष्ट छैनन्। यो सरकार कुहिएको गोबरको थुप्रोजस्तै भएको छ। बिखर्ची हुनुपर्ने अवस्था छ। गत वर्ष उपचार खर्च खोज्न नसकेर शिक्षण अस्पताल महाराजगन्जमा एकजना बिरामी कुरुवाले आत्महत्या गरेका थिए। त्यस्तो अवस्था नागरिकको छ। संविधानमा भने 'सबै नागरिकलाई प्राथमिक उपचारको हक हुनेछ भनिएको छ। संविधानमा लेखेर, भाषण गरेर मात्रै हुन्छ त ?


स्वास्थ्य मन्त्रालयले गएको वर्ष नै नेपाल आत्मनिर्भर भएका २० थरीका औषधीहरू बाहिरबाट मगाउन नपाउने भन्थ्यो तर चीन,  भारत, बेल्जियमबाट आएकै छन्। हरेक वर्ष बच्चा पाउने १ लाख आमामध्ये १ सय ३९ जनाको मृत्यु हुनुमा यस्तो कमसल र महँगो स्वास्थ्य जिम्मेवार छ।

दूषित हावापानी र खानेकुराको बिगबिगी छ। भारतबाट नेपाल निर्यात गर्ने उद्देस्यले फर्मालिन हालेका माछा र मापदण्डभन्दा बढी विषादी प्रयोग गरेका फलफूल-तरकारी निर्बाध नेपाल भित्रिन्छन्। सरकारले त्यसलाई रोक्न सकेको छैन। चोरी निकासीका औषधी कमिसनको खेलमा गुणस्तरहीन औषधी पसलपसलमा पुगेका छन्। यस्तो अवस्थामा स्वास्थ्य मन्त्रालयको स्वच्छ नेपाल, स्वस्थ नेपालीको नारा पञ्चायती व्यवस्थाको गाउँ फर्क अभियानजस्तै हाँसोलाग्दो भएको छ।

स्वास्थ्य क्षेत्रमा प्रशासन र प्राविधिक क्षेत्रका कर्मचारी, डाक्टरहरूको अवस्था उस्तै दयनीय छ। काम धेरै गर्नुपर्ने, सुविधा बाँच्न पुग्नेसम्म हुँदैन। चरम श्रमशोषण हुन्छ। बोल्यो वा आवाज उठायो भने जागिर जान्छ। रोजगार सुरक्षित छैन। ठेक्का प्रथा छ। आम नागरिकले स्वास्थ्य सेवा नपाउने, श्रमिकले न्यूनतम् सुविधा नपाउने देशलाई समृद्ध देश भन्न सकिन्छ ? के यही हो कम्युनिस्ट व्यवस्था ? म त भन्छु अहिलेको दलाल सरकार तानाशाह र भ्रष्ट सरकार हो। अहिलेको दलाल सरकार भनेकै एउटा रित्तो भाँडो हो। नैतिक विचलन भएको सरकार र राजनीतिक भिकारी दलाल पुँजीवादी व्यवस्था के कम्युनिस्ट हुन सक्छ ?

सांसदहरूकै केही गुनासो हेर्दा स्थिति स्पष्ट हुन्छ। एकजना जनप्रतिनिधिले पाल्पा जिल्ला अस्पतालमा १ वर्ष देखि रुई र सुईसमेत उपलब्ध नभएको दुखेसो गरिन्। गुल्मी जिल्ला अस्पतालमा आकस्मिक बाहन छैन। तर सरकार भने समृद्धिको नारा लगाइरहेको छ। काठमाडौंको सीमा जोडिएका जिल्लामा दरबन्दी भएका मध्ये ५० प्रतिशत पनि कार्यरत छैनन्।

कुराले विकास हुँदैन पहिला मुहान सफा हुनुपर्छ। अनि सबै सफा हुन्छ। मस्तिष्कको सफ्टवेर बदलौँ। हाम्रो गिदीभित्र ४ वटा स्वास्नी ल्याउने, धन कमाउने, रातभर रक्सी खाने अनि उज्यालो हुँदा प्रहसन देखाउने दुईचारजना झोलेहरूले ताली पड्काउँदैमा समृद्ध नेपाल बन्दैन। यो दलाल सरकारले धनका लागि आफ्ना आमा पनि बेच्छन् होला। भ्रष्टहरूको जालो माथिदेखि तलसम्म छ। साँचो वा मेसिन जस्तो छ उत्पादन पनि त्यस्तै भयो। हामी धतुरो रोपेर गुलाबको आस गरिरहेका छौँ।


शुभकामना

नयाँ वर्ष २०७६ सालको सुखद अवसरमा सम्पूर्ण नेपालीहरूको सुस्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं।

हरिशरण के.सी.
वरिष्ठ उपाध्यक्ष
नेपाल यातायात व्यवसायी महासंघ
महासचिव
नेपाल कराँते महासंघ



## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।
उपभोक्ताको हितमा
नेपाल आयल निगम लिमिटेड

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५



## देवदह नगरपालिका कार्यालयको अनुरोध

- सेवा सुविधा लिनु नागरिकको अधिकार हो भने कर शुल्क तिर्नु नागरिकको  कर्तव्य हो।
- "हाम्रो देवदह, राम्रो देवदह" बनाउन सबै मिली लागौँ।
- सार्वजनिक सम्पति, सार्वजनिक तथा सांस्कृतिक सम्पदाको संरक्षण गरौँ।
- जन्म दर्ता, मृत्यु दर्ता, विवाह दर्ता, सम्बन्ध विच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौँ।
- छोराछोरी दुवैलाई विद्यालय पढ्न पठाऔँ।
- प्रत्येक घरघरमा शौचालय बनाई राष्ट्रिय अभियानमा सहयोग पुऱ्याऔँ।
- सार्वजनिक स्थल, नदी, खोलानालाहरूलाई फोहोर तथा ढल बिसर्जन स्थल नबनाऔँ।
- विभिन्न स्थानबाट निस्किएका फोहोर मैला तोकिएको स्थानमा राखौँ र संकलन गर्न आउने गाडीमा सुरक्षित तरिकाले फालौँ।
- वातावरण स्वच्छ रहेमा जीवन स्वच्छ हुने हुँदा वातावरण सधै स्वच्छ र सफा राखौँ।
- निषेधित क्षेत्रबाट ढुंगा गिट्टी  तथा बालुवा ननिकालौं।
- वन जंगलको संरक्षण गरौँ, खाली जग्गामा बिरुवा लगाऔँ।
- समयमै कर शुल्क भुक्तान गरौँ, विकास निर्माणमा सहभागी बनौँ।
- नगरपालिकामार्फत् संचालन हुने सबै कार्यक्रमहरू नगरबासीका हुन्। तसर्थ आयोजना तर्जुमादेखि अनुगमन, मुल्याङ्कन एवम् मर्मत सम्भारका सबै चरणमा सक्रिय सहभागी बनौँ।

देवदह नगरपालिका परिवार
रुपन्देही


निर्देशक : **गुणराज लोहनी**, प्रवन्ध निर्देशक : **भिमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ